म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १८५ बिहीबार, ७ फागुन २०८२ ने. सं. ११४६ चिल्लाथ्व 19 February 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**काठमाडौं टप टेलर्स**
*अब टीसीएन रोडमा...*
विगत लामो समयदेखि मेनरोड बुद्धचोकमा रहेर तपाईंको सेवामा समर्पित **काठमाडौं टप टेलर्स** अब हेटौंडा-१० सीमा चोकबाट टीसीएन रोडतर्फ दुईसय मिटर पश्चिम दायाँतर्फ बर्जर पेन्टको डिलरसँगै सरेको जानकारी गराउँदछौं ।
प्रो. विष्णुलाल महर्जन
९८४५०२२६५५

पुँजीगत खर्च १२ दशमलब ६२ र चालुखर्च २६ दशमलब ०१ प्रतिशत

## ७ महिनामा १७ दशमलब ७९ प्रतिशत बजेट खर्च

साझाकुरा संवाददाता

हेटौँडा, ६ फागुन/चालु आर्थिक वर्षको ७ महिनामा बागमती प्रदेश सरकारले कुल बजेटको १७ दशमलब ७९ प्रतिशत बजेट खर्च गरेको छ ।

आर्थिक मामिला तथा योजना मन्त्रालयको अनुसार कुल विनियोजित बजेट ६७ अर्ब ४७ करोड ७३ लाखको १७ दशमलब ७९ प्रतिशत अर्थात् १२ अर्ब ३१ लाख ७५ हजार मात्र बजेट खर्च भएको छ । प्रदेश सरकारले पुँजीगततर्फ विनियोजन गरेको कुल ४१ अर्ब ४३ करोड ३५ लाख ३६ हजार रुपैयाँमध्ये पुस मसान्तसम्म जम्मा ५ अर्ब २२ करोड ८५ लाख ५० हजार रुपैयाँमात्रै खर्च गरेको आर्थिक मामिला तथा योजना विकास मन्त्रालयका अधिकृत इन्द्रराज संज्यालले जानकारी दिए । पुँजीगत खर्च १२ दशमलब ६२ प्रतिशतमात्र भएको उनको भनाइ छ ।




प्रशासनिक तथा साधारण प्रकृतिको चालुखर्च भने २६ दशमलब ०१ प्रतिशत भएको छ । चालुतर्फ विनियोजित २६ अर्ब ४ करोड ३७ लाख ९१ हजार रुपैयाँमध्ये ६ अर्ब ७७ करोड ४६ लाख २४ हजार रुपैयाँ खर्च भएको संज्यालले बताए । चालु आर्थिक वर्षको बजेटमा सबैभन्दा बढी खर्च श्रम रोजगार तथा यातायात मन्त्रालयले गरेको छ । यो मन्त्रालयले कुल विनियोजित ७२ करोड ५ लाख ४४ हजार रुपैयाँमध्ये पुँजीगततर्फ २६ दशमलब ३८ प्रतिशत र चालुतर्फ ३७ दशमलब ७८ प्रतिशत खर्च गरेको छ । यो मन्त्रालयले ७ महिनामा कुल ३४ दशमलब ९५ प्रतिशत अर्थात् २५ करोड १८ लाख ४५ हजार रुपैयाँ खर्च गरेको हो ।

त्यसैगरी स्वास्थ्य मन्त्रालयले ३१ दशमलब ५९ प्रतिशत अर्थात् १ अर्ब ११ करोड ८५ लाख ९२ रुपैयाँ खर्च गरेको छ । जसमा चालुतर्फ ३४ दशमलब ०९ प्रतिशत अर्थात् १ अर्ब ६ करोड ५३ लाख ३६ हजार र पुँजीगततर्फ १२ दशमलब ७९ प्रतिशत अर्थात् ५ करोड ३२ लाख ५६ हजार रुपैयाँ खर्च भएको छ । स्वास्थ्य मन्त्रालयलाई चालु आर्थिक वर्ष ३ अर्ब ५४ करोड १३ लाख ९३ हजार रुपैयाँ बजेट उपलब्ध गराइएको छ । २० करोड ७८ लाख ८१ जार रुपैयाँ बजेट विनियोजन भएको आर्थिक मामिला तथा योजना मन्त्रालयले २९ दशमलब ३६ प्रतिशत अर्थात् ६ करोड १० लाख ४२ हजार रुपैयाँ खर्च गरेको छ ।

जसमा चालुतर्फ ५ करोड २५ लाख २८ हजार रुपैयाँ अर्थात् ३० दशमलब ८२ प्रतिशत र पुँजीगततर्फ ८ करोड ५१ लाख ४ हजार रुपैयाँ अर्थात् २२ दशमलब ७५ प्रतिशत खर्च भएको छ । वन तथा वातावरण मन्त्रालयले ३ अर्ब ६७ करोड ४५ लाख ५५ हजार रुपैयाँ बजेटमध्ये ७ महिनामा २२ दशमलब ३४ प्रतिशत अर्थात् ८२ करोड ८ लाख २२ हजार रुपैयाँ खर्च गरेको छ । सो मन्त्रालयले पुँजीगततर्फ ३५ करोड ७ लाख ६३ हजार रुपैयाँ अर्थात् १४ दशमलब १३ प्रतिशत र चालुतर्फ ४७ करोड ५९ हजार रुपैयाँ अर्थात् ३९ दशमलब ४५ प्रतिशत खर्च गरेको छ ।

उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयले कुल विनियोजित बजेट ६४ करोड ८५ लाख १३ हजार रुपैयाँमध्ये १३ करोड ३ लाख ३७ हजार रुपैयाँ अर्थात् २० दशमलब १० प्रतिशत बजेट खर्च गरेको छ भने प्रदेशको सबैभन्दा बढी बजेट रहेको भौतिक पूर्वाधार विकास मन्त्रालयले बजेट कार्यान्वयन १८ दशमलब ५५ प्रतिशत मात्र छ । यो मन्त्रालयका लागि विनियोजित २१ अर्ब १६ करोड ४० लाख ४५ हजार रुपैयाँमध्ये ३ अर्ब ९२ करोड ६२ लाख ७७ हजार रुपैयाँ खर्च भएको हो । जसमा पुँजीगततर्फ ३ अर्ब ७६ करोड ६७ लाख ९५ हजार रुपैयाँ अर्थात् १८ दशमलब १५ प्रतिशत र चालुतर्फ १५ करोड ९४ लाख ८२ हजार रुपैयाँ अर्थात् ३९ दशमलब ०१ प्रतिशत खर्च भएको छ ।

संस्कृति तथा पर्यटन मन्त्रालयले कुल विनियोजित बजेटको ४ दशमलब २४ प्रतिशत खर्च गरेको छ भने मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले २२ दशमलब ३१ प्रतिशत, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले १५ दशमलब ८१ प्रतिशत, खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयले १२ दशमलब ७८ प्रतिशत, आन्तरिक मामिला तथा कानुन मन्त्रालयले ३२ दशमलब ६९ प्रतिशत, सहकारी तथा गरिबी निवारण मन्त्रालयले १४ दशमलब ४७ प्रतिशत, युवा तथा खेलकुद मन्त्रालयले ८ दशमलब ७८ प्रतिशत र सामाजिक विकास मन्त्रालयले १७ दशमलब ३५ प्रतिशत बजेट खर्च गरेको छ ।

प्रदेशसभा सचिवालयले ३३ दशमलब ८४ प्रतिशत, प्रदेश लोकसेवा आयोगले ४० दशमलब ०९ प्रतिशत, मुख्य न्यायाधीवक्ता कार्यालयले ३३ दशमलब १९ प्रतिशत बजेट खर्च गरेको छ । प्रदेश नीति तथा योजना आयोगले २५ दशमलब ८६ प्रतिशत बजेट कार्यान्वयन गरेको छ ।

## रेडरोज इङ्लिस बोर्डिङ स्कुलको ३५ औं अभिभावक दिवस सम्पन्न



साझाकुरा संवाददाता

हेटौंडा, ६ फागुन/ हेटौंडा उपमहानगरपालिका-१६ हटियामा रहेको रेडरोज इङ्लिस बोर्डिङ स्कुलले ३५ औं अभिभावक दिवस विविध सांस्कृतिक तथा सम्मान कार्यक्रमसाथ भव्यरुपमा मनाएको छ ।

विद्यालय परिसरमै आयोजित कार्यक्रममा विद्यार्थी, अभिभावक, शिक्षक तथा अतिथिको सहभागिता रहेको थियो । अभिभावक दिवसमा नर्सरीदेखि कक्षा ९ सम्म अध्ययनरत विद्यार्थीले विभिन्न जातीय, सांस्कृतिक तथा आधुनिक भेषभूषामा सजिएर नृत्य प्रस्तुत गरेका थिए । प्रत्येक कक्षाका विद्यार्थीले फरकफरक विषयवस्तु, सन्देश र पहिचान झल्काउने प्रस्तुति दिएका थिए । विद्यार्थीले मात्र होइन, अभिभावक र शिक्षकले सांस्कृतिक प्रस्तुति प्रस्तुत गर्दै कार्यक्रमलाई थप जीवन्त बनाएका थिए ।

शिक्षकको प्रस्तुति विशेष आकर्षणको केन्द्र बनेको थियो भने अभिभावकको सहभागिताले विद्यालय र परिवारबीचको सम्बन्ध अझ मजबुत भएको सन्देश दिएको थियो । कार्यक्रममा विद्यार्थीले विभिन्न सामाजिक सन्देश बोकेका नाटक प्रस्तुत गरेका थिए । बालअधिकार, अनुशासन, वातावरण संरक्षण, अभिभावकको भूमिका र शिक्षाको महत्व जस्ता विषय समेटिएका नाट्य प्रस्तुतीले कार्यक्रमलाई मनोरञ्जनसँगै शिक्षामूलक बनाएका थिए । सोहीअवसरमा जनपत्र डटकमका प्रधानसम्पादक हरि हुमागाईलाई विद्यालयले नगदसहित सम्मान गरेको थियो ।

शिक्षा, पत्रकारिता तथा समाजप्रतिको योगदानको कदरस्वरुप हुमागाईलाई सम्मान गरिएको विद्यालयले जनाएको छ । कार्यक्रममा विद्यालयमा अध्ययनरत नर्सरीदेखि कक्षा १० सम्मका उत्कृष्ट विद्यार्थीलाई मायाको चिनो प्रदान गर्दै सम्मान गरिएको थियो । अध्ययन, अनुशासन, अतिरिक्त क्रियाकलाप र समग्र व्यक्तित्व विकासका आधारमा विद्यार्थीलाई छनोट गरी सम्मान गरिएको विद्यालय प्रशासनले जनाएको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मदनकुमार दाहालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा प्याब्सन मकवानपुरका अध्यक्ष बिनोद सुवेदी, नेपाल पत्रकार महासंघ बागमती प्रदेशका उपाध्यक्ष हरि हुमागाई, विद्यालयका प्रधानध्यापक सरिता भण्डारीलगायत प्रतिनिधिको आतिथ्यता थियो । अभिभावक दिवस विद्यालयको वार्षिक परम्परागत कार्यक्रमकारुपमा रहँदै आएको छ । विद्यालयका अनुसार यस कार्यक्रमले विद्यार्थीको प्रतिभा अभिव्यक्त गर्ने अवसर प्रदान गर्नुका साथै अभिभावक, शिक्षक र विद्यालयबीचको सम्बन्धलाई अझ सुदृढ बनाउने उद्देश्य राखेको छ ।

विद्यालयले आगामी दिनमा गुणस्तरीय शिक्षा, अतिरिक्त क्रियाकलाप र समग्र व्यक्तित्व विकासलाई प्राथमिकतामा राख्दै यस्ता कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेको छ ।

## नगरस्तरीय कविता प्रतियोगितामा सनराइजकी अंशु प्रथम




साझाकुरा संवाददाता

हेटौंडा, ६ फागुन/ हेटौंडा एकेडेमी आवासीय माध्यमिक विद्यालयको २८ औं स्थापना दिवसको अवसरमा आयोजित नगरस्तरीय कविता प्रतियोगितामा सनराइज इङ्लिस सेकेण्डरी विद्यालयकी अंशु तामाङ प्रथम भएकी छिन् ।

प्रतियोगितामा बाल जागृति इङ्लिस सेकेण्डरी विद्यालयकी प्रनिषा थापा दोश्रो, प्रगति माध्यमिक विद्यालयका निरंजन महतो तेश्रो तथा ज्ञानोदय बालबाटिका आवासीय माध्यमिक विद्यालयकी रीतिका सापकोटा सान्त्वना भएका थिए । प्रतियोगितामा साहित्यकार यस लामा र पुरुषोत्तम आचार्यले निर्णायकको भूमिका निर्वाह गरेका थिए ।

रेडियो थाहासञ्चारले १८ औं वार्षिकोत्सव तथा हेटोंडा एकेडेमीको २८ औं स्थापना दिवसको अवसर पारेर हेटौंडा एकेडेमीको थाहा सभाकक्षमा कविता प्रतियोगिता आयोजना गरिएको हो ।

हेटौंडा एकेडेमी बालक्लबको आयोजना तथा रेडियो थाहासंचार र हेटौंडा एकेडेमीको सहकार्यमा भएको प्रतियोगितामा प्रमुखअतिथि बरिष्ठ साहितकार खगेन्द्र संग्रौलाले साहित्यले मानिसको जीवनमा परिवर्तन ल्याउने बताए । उनले समाज रुपान्तरणमा साहित्यको भूमिका महत्वपूर्ण हुने र साहित्यमा हेटौंडा उर्वर रहेको बताए ।

कार्यक्रममा रेडियो थाहासंचारका प्रवन्धनिर्देशक तथा हेटौडा एकेडेमी विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अरुणराज सुमार्गीले हेटौंडा एकेडेमीले बालबालिकाको प्रतिभालाई प्रष्फुटन गर्नका लागि कविता प्रतियोगिता आयोजना गरेको बताए । उनले यस्ता खालको प्रतियोगिताले बाल बालिकाको प्रतिभाको विकास हुनेमा जोड दिए ।

बालक्बलका अध्यक्ष रोज कार्कीको सभाध्यक्षतामा भएको कार्यक्रममा समाजसेवी तथा विद्यालय व्यवस्थापन समितिका उपाध्यक्ष अंकिता सुमार्गी, साहित्य संगम मकवानपुरका अध्यक्ष डीवी बर्तौलालगायत विभिन्न साहित्य संघसंस्थाका प्रतिनिधिको सहभागिता रहेको थियो ।

## ४ सय ३८ किलोग्राम गाँजासहित दुईजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ६ फागुन/ मकवानपुर प्रहरीले ठूलो परिमाणमा लागूऔषध गाँजासहित दुईजनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा मकवानपुरको कैलाश गाउँपालिका-१० बस्ने २७ वर्षीय रामबहादुर मोक्तान र सोही स्थानका १९ वर्षीय अनिल थिङ रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार बुधबार बिहान करिब १२:३० बजे प्रहरीचौकी भैंसेबाट खटिएको टोलीले नियमित गस्तीका क्रममा भीमफेदी गाउँपालिका-२ चुनियाँस्थित त्रिभुवन राजपथनजिक भित्री सडक खण्डमा शंका लागी लु.१ च.२१५२ नम्बरको बोलेरो गाडी र बा.प्र.०३-००५ प.४५७६ नम्बरको मोटरसाइकल रोकी जाँच गरेको थियो ।

जाँचका क्रममा बोलेरो गाडीको पछाडिको ढालाभित्र लुकाईछिपाई राखिएको अवस्थामा ४३८ किलो ४३ ग्राम प्रतिबन्धित लागूऔषध गाँजा फेलापरेको प्रहरीले जनाएको छ ।

प्रहरीले गाँजा र दुवै सवारीसाधन बरामद गरी चालकद्वयलाई नियन्त्रणमा लिएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

## मोवाइल खरिद गर्दा स्कुटर उपहार



साझाकुरा संवाददाता

हेटौंडा, ६ फागुन/ मोवाइल एशोसिएसन अफ नेपाल (म्यान) मकवानपुरले चाडपर्व लक्षित उपहार कार्यक्रमको प्रथम पुरस्कार स्कुटर बुधबार हस्तान्तरण गरिएको छ ।

प्रथम पुरस्कार स्कुटर बिजेता थाहा नगरपालिका वडा नं ३ कि अस्मिता मोक्तान थिइन् । थाहानगरको परिचित मोवाइल पसल गणेश मोवाइल सेन्टरबाट मोवाइल खरिद गरी स्कुटर उपहार लक्कि ड्रमार्फत मुक्तानलाई परेको थियो । थाहा-३ शिखरकोटको गणेश मोवाइल सेन्टरको प्रांगणमा हस्तान्तरण कार्यक्रमबीच बिजेतालाई स्कुटर उपहार गणेश मोवाइल सेन्टरका सञ्चालक गणेश बिष्टले हस्तान्तरण गरेका हुन् ।

कार्यक्रममा स्थानीय मोवाइल व्यवसायीहरु, म्यान मकवानपुर, उत्तरी शाखाका पदाधिकारीलगायत स्थानीयको उपस्थिति रहेको थियो । गणेश मोवाइल सेन्टर बिगत १२ वर्षदेखि थाहानगरको शिखरकोटबाट ग्राहकलाई गुणस्तरीय सेवा प्रदान गर्दै आइरहेको छ ।



साझाकुरा

## हाम्रो कुरा

# फास्टट्र्याकमा प्रमको चासो

प्रधानमन्त्री सुशीला कार्कीले पछिल्ला दिनमा द्रुतमार्गको निरीक्षण गरी निर्माणमा ढिलाई नगर्न र बिवादमा रहेको खोकनाको बिकल्प खोजी गर्न निर्देशन दिएकी छन् । मुलुकको गौरवको आयोजनामा प्रधानमन्त्रीको चासो हुनु स्वभाबिकै हो तर, बिवादको चुरो बुझ्ने प्रयास पनि जरुरी छ । त्यसो त केही समय अघि राष्ट्रपति रामचन्द्र पौडेल निजगढ-काठमाडौं द्रुतमार्गको निरीक्षण गरेका थिए । नेपाली सेनाको हेलिकप्टरमार्फत् मकवानपुरको बकैया-११ स्थित लेनडाँडा आइपुगेर राष्ट्रपति पौडेलले द्रुतमार्गको निरीक्षण गरे । निर्माणाधीन सुरुङ, पुल र सडकको अवलोकन गर्नुका साथै आयोजना सम्पन्न गर्न भइरहेका प्रयास र प्रयत्नलगायत विषयमा आवश्यक जानकारी लिएको राष्ट्रपतिको कार्यालयले जनाएको थियो । निरीक्षणपछि राष्ट्रपति पौडेलले आयोजनालाई तोकिएको समयावधिभित्र पूरागर्न उच्चमनोबलका साथ काम गर्न नेपाली सेनालाई निर्देशन दिए । २०६४ मा बुधुनेमा पहिलोपटक आधादर्जन मन्त्रीले पिक, साबेल चलाएर फास्टट्र्याक शीलान्यास गरेका थिए । पहिलोपटक शिलान्यास गर्दा यसको लागत ७४ अर्ब रुपैयाँमा निर्माण सम्पन्न गर्ने भनियो । त्यसपछि पाइलट ट्र्याक खन्न थालियो तर, कछुवागतिमा ।

एकदसकमा पनि पाइलट ट्र्याक खनेर सकिएन । दोस्रोपटक पुन शीलान्यास गरियो र १ खर्ब ७५ अर्ब रुपैयाँ लगानीमा सम्पन्न गर्ने भनियो । यो कुरा पनि मकवानपुरबासीले पत्याइदिए । फेरि तेस्रोपटक शीलान्यास भयो र लागत बढेर २ खर्ब १२ अर्ब रुपैयाँ पुऱ्याइयो । यो आयोजना सम्पन्न हुँदासम्म कति रुपैयाँ खर्च हुने हो त्यो अहिले नै भन्न सकिन्न । अपर तामाकोशी हाईड्रो सुरु गर्दा ३४ अर्ब रुपैयाँमा निर्माण गर्ने भनियो र सर्वसाधारणले सकेको सेयर खरिद पनि गरे । तर, आयोजना सकिने बेलामा लागत बढाएर ९० अर्ब रुपैयाँ पुऱ्याइयो । मेलम्ची खानेपानीको हालत पनि अपर तामाकोशी भन्दा झन कहालीलाग्दो बनेको छ । अझैसम्म पनि मेलम्ची सम्पन्न हुन सकेको छैन । काठमाडौंलाई तराइसँग जोड्ने फास्टट्र्याक नेपालको लागि ‘गेम चेन्जर प्रोजेक्ट’ मानिएको छ । तर, यसलाई पनि ‘लैनो गाई’ बनाउने प्रयास नहोला भन्न सकिन्न । सर्वसाधारणले यस्तो अवस्थामा खवरदारी गर्नैपर्छ । सबैभन्दा प्राथमिकतामा रहेको फास्टट्र्याक नेपाली सेनाको व्यवस्थापनमा निर्माण भइरहेको छ । काठमाडौं, ललितपुर, मकवानपुर हुँदै बाराको निजगढमा पूर्वपश्चिम राजमार्गसँग जोडिने द्रुतमार्ग निर्माणपछि मुलुकको विकास र समृद्धिमा ठुलो योगदान पुग्ने अपेक्षा राखिएको छ । फास्टट्र्याकको भौतिक प्रगति साढे ४७ प्रतिशत पुगेको बताइएको छ । आयोजनाको वित्तीय प्रगति ४६ प्रतिशत रहेको छ । आयोजना निर्माणको क्रममा हालसम्म ७२ अर्ब ४१ करोड रुपैयाँ खर्च भएको छ । राष्ट्रपति पौडेलले आयोजनालाई तोकिएको समयभित्र सम्पन्न गर्नेगरी काम गर्न निर्देशन दिए । कुल ७१ किलोमिटर लम्बाइको फास्टट्र्याक २०८३ चैत मसान्तमा सम्पन्न गर्ने लक्ष्य छ ।

द्रुतमार्ग पहाडी भू-भागमा २५ मिटर र तराई भू-भागमा २७ मिटर फराकिलो हुनेछ । आयोजनाअन्तर्गत ललितपुरमा ९, काठमाडौंमा ४.६, मकवानपुर ४९.७७ र बारामा ७.६ किमि सडक रहनेछ । द्रुतमार्गमा १०.९७९ किमि लम्बाइका ७ वटा सुरुङ रहने छ । हालसम्म लेनडाँडाको १६१२ मिटर, धेद्रेको १७२८ मिटरको सुरुङ ब्रेक थ्रु भइसकेको छ । ३३५५ मिटर लामो महादेवटार सुरुङको ६५ प्रतिशतभन्दा बढी काम सकिएको छ । १ हजार मिटर लामो देवीचौर, ३९० मिटर लामो सिसौटार र २ हजार २५० मिटर लामो चन्द्रामभीर सुरुङको पोर्टल तयारीकार्य भइरहेको बताइएको छ । ५८३ मिटरको मौरीभीर सुरुङको खरिद सम्झौताका लागि मन्त्रिपरिषद्बाट स्वीकृत भएको सेनाले जनाएको छ । यो सडकमा विभिन्न स्थानमा कुल १२.८८५ किमि लम्बाइको ८९ वटा पुल निर्माण हुनेछ । तीमध्ये ८५ स्थानमा निर्माण हुने पुलको खरिद सम्झौता सम्पनन भएको छ । ८१ मिटरसम्म अग्ला विभिन्न प्रकृतिका पुलको फाउण्डेसन तथा सबस्ट्रक्चर र सुपरस्ट्रक्चरको काम भइरहेको जनाइएको छ । आयोजनाका लागि कुल १७ हजार ६५१ रोपनी जग्गा अधिग्रहण गनुपर्नेछ । जसमा व्यक्तिगत जग्गा ५ हजार ४८७ रोपनी रहेको छ । बुदुनेमा दुईवटा विश्रामस्थल तथा खोकना, बुदुने र निजगढमा एक/एक इनटरचेन्ज र टोल प्लाजा निर्माण गरिनेछ ।

# एजेण्डाविहीन निर्वाचन : ‘भाइरल’ भीडतन्त्रको छायामा लोकतन्त्र



✍ विवेक गौतम

नेपाली राजनीति अहिले एउटा यस्तो गम्भीर र अराजक मोडमा आइपुगेको छ, जहाँ तर्कभन्दा आवेग र नीतिभन्दा ‘एल्गोरिदम’ प्रभावी बनेको छ । भदौ २३ को जेनजी आन्दोलन र २४ गतेको ध्वंसात्मक उपद्रोपछि प्रतिनिधिसभा विघटन भएर मुलुक नयाँ निर्वाचनको सँघारमा उभिएको छ । तर, यो निर्वाचनको पूर्वसन्ध्यामा कुनै पनि राजनीतिक दल वा उम्मेदवारमा देश निर्माणको ठोस मार्गचित्र र नीतिगत बहसको उत्सुकता देखिँदैन । चुनाव नजिकिँदै गर्दा पनि यो मुलुकमा एजेण्डाको बहस देखिँदैन । नीति, कार्यक्रम, वैकल्पिक दृष्टिकोण र दीर्घकालीन रोडम्यापको ठाउँ गाली, धम्की, अतिरञ्जना र भावनात्मक उत्तेजनाले लिएको छ ।

नयाँ भनिने शक्तिहरू केवल ‘पुरानालाई पाताल पुऱ्याउने’ जस्ता उत्तेजक नारा दिएर जनताको असन्तुष्टि र आक्रोशमाथि राजनीति गरिरहेका छन् । तर, उनीहरू स्वयं के गर्न चाहन्छन्, कसरी गर्न चाहन्छन् र कुन संरचनाभित्र बसेर गर्न चाहन्छन् भन्ने प्रश्नमा पूर्ण मौन छन् । प्रधानमन्त्रीका रूपमा रास्वपाले अघि सारेका बालेन्द्र शाहको राजनीतिक शैली यसको ज्वलन्त उदाहरण बनेको छ । उनी कुनै सार्वजनिक बहसमा आउँदैनन्, पत्रकारका प्रश्नको जवाफ दिँदैनन्, मतदातासँग खुला अन्तरक्रिया गर्दैनन् । दक्षिण भारतीय फिल्मका ‘एंग्री यङ्गम्यान’ को शैलीमा भीडका बिच घुम्छन्, फोटो खिच्छन्, नारा सुन्छन् र अघि बढ्छन् ।

लोकतन्त्र फिल्म होइन । प्रधानमन्त्री अभिनय गर्ने पात्र होइन, नीति बनाउने, प्रश्न सहने र जवाफ दिनुपर्ने संवैधानिक पद हो । बालेन शाह प्रधानमन्त्री भए भने उनको कृषि नीति के हुन्छ ? किसानको मल, सिँचाइ, बजार र मूल्यको समस्या कसरी समाधान हुन्छ ? शिक्षा क्षेत्रलाई निजीकरण र अव्यवस्थाबाट कसरी जोगाइन्छ ? स्वास्थ्य क्षेत्रको चरम महँगी, जनशक्तिको अभाव र राज्यको कमजोर उपस्थितिलाई कसरी सुधारिन्छ ? धराशायी बन्दै गएको स्वास्थ्य बिमा कार्यक्रमलाई बचाउने उनीसँग ठोस योजना के छ ? भारत-चीन-पश्चिमबिच नेपालको संवेदनशील भूराजनीतिक सन्तुलन उनले कसरी कायम गर्छन् ? परराष्ट्र नीतिलाई उनले कसरी सञ्चालन गर्छन् ? बेरोजगारी अन्त्य भाषणबाट गर्छन् कि उत्पादन र लगानीबाट ? आर्थिक विकास नारा होइन, संरचना र सुधारबाट हुन्छ, यसको खाका उनीसँग के छ ? यी प्रश्नको उत्तर अहिलेसम्म कतै भेटिँदैन ।

‘भावी प्रधानमन्त्री’ घोषणा गरिएका बालेन्द्रबाट एजेण्डा सुन्न मतदाता आतुर छन् । तर, उनी केही बोल्दैनन् । नेपालको जटिल भूराजनीतिक सन्तुलन कसरी कायम गर्ने र परराष्ट्र सम्बन्धलाई कसरी राष्ट्रिय हितमा प्रयोग गर्ने भन्ने गम्भीर विषयमा उनीमाथि प्रश्न छ । विगतमा छिमेकी मुलुकहरूलाई अश्लील गाली गर्दै मध्यरातमा फेसबुकमा स्ट्याटस लेख्ने उनको शैली कायम रहे नेपाल कहाँ पुग्ला ? भू-राजनीतिक सन्तुलन कायम गर्ने मार्गचित्र अहिलेसम्म आएको छैन । केवल ‘ग्ल्यामर’ को भरमा प्रधानमन्त्री बन्ने योजनामा देखिन्छन् उनी ।

आफ्नी श्रीमती चढेको गाडी चेकजाँचका लागि प्रहरीले रोक्दा सिंहदरबार जलाइदिन्छु भन्ने अभिव्यक्ति दिने उनले समर्थन गरेको आन्दोलनमा सिंहदरबार जलाइयो । सिंहदरबार, सर्वोच्च अदालत र संसद् भवनसहितका देशभरका संरचना जलिरहँदा त्यसलाई रोक्ने प्रयास त बलेको आगो निभाउन काठमाडौँ महानगरले दमकल नपठाएको प्रश्न उठेको छ । सर्वोच्च अदालतमा बलेको आगो २ दिनपछि ललितपुर महानगरको दमकलले निभाएको खुलासा प्रधानन्यायाधीशले नै गरिसकेका छन् । तर, यसको जवाफ बालेनले तथ्य र तर्कसङ्गत रूपमा दिएनन् । बरु दमकल परिचालनको जिम्मा पाएका महानगर प्रहरी प्रमुख राजु पाण्डेलाई उम्मेदवार बनाइदिए उनले ।

आन्दोलनमा पानी बाँड्दै हिँडेका पाण्डेलाई दमकलसँग कसैले देखेनन् । आन्दोलनमा दर्जनौं जेनजी युवाहरूको हत्या भयो । तर, बालेन न त उनीहरूलाई श्रद्धाञ्जली दिए, न घाइतेहरूलाई सान्त्वना दिन अस्पताल पुगे । आज जेनजीको रगतको ब्याज खाएर प्रधानमन्त्री बन्ने सपना भने उनी देखिरहेका छन् । विगतको नेतृत्वले गल्ती गरेकै कारण मुलुक अहिलेको अवस्थामा आइपुगेको हो । त्यसको उचित सजाय गलत गर्नेले पाउनुपर्छ, पाइरहेकै छन् । तर, नेपालको लामो लोकतान्त्रिक आन्दोलनको अगुवाइ गरेका राजनीतिक दलहरूलाई नै राक्षसीकरण गरेर विगतका सबै उपलब्धिहरूलाई शून्य घोषित गर्ने खतरनाक भाष्य निर्माण गरिएको छ ।

विकास भएको ठाउँमा ‘सडक र पुल मात्र बनाएर हुन्न’ भनिन्छ । तर, जहाँ धुलाम्मे गोरेटो मात्र छ, त्यहाँ ‘अहिलेसम्म बाटो नै बनाएनन्’ भनेर गाली गरिन्छ । यो विरोधाभास होइन, बौद्धिक बेइमानी हो । जसले समाजलाई केवल घृणा र द्वन्द्वतर्फ धकेलिरहेको छ । नयाँ र पुराना भन्दै खडा गरिएको द्वन्द्वले समाज नै विभाजित हुने अवस्थामा पुग्दैछ । राजीनितक रूपमा ०४८ पछि नेपाली काँग्रेस र एमालेका कार्यकर्ताबिचमा रहेको जस्तै असहिष्णुता समाजमा बढ्दै गएको देखिन्छ । त्यसलाई सामाजिक सञ्जालले अझै मलजल गरिरहेको छ ।

राजनीति, संविधान, संसद्, परराष्ट्र नीति, नेपालको भूगोल र बहुजातीय-बहुसांस्कृतिक चरित्रबारे सामान्य ज्ञानसमेत नभएकाहरू अहिले ‘देश बनाउने अभियन्ता’ बनेका छन् । अवस्था यस्तो बन्दैछ, देश बनाउने ठेक्का उनीहरूले मात्र पाएका छन्, अरूले देश बनाउँछु भन्न पनि पाउँदैन । एल्गोरिदम र सामाजिक सञ्जालको प्रभावमा मतदाताको मनोविज्ञान नै करिब-करिब कब्जा गरिएको छ । संसद्मा कति सदस्य हुन्छन् भन्ने थाहा नपाएकाहरू कानुन बनाउने आकांक्षासहित भीडको अगाडि उभिएका छन् । उनीहरूकै पछाडि एक खालको उन्मादी भिड लाग्न खोजेको छ । संविधान फाल्ने कि राख्ने अन्योलमा रहेका, ‘चुनाव हुन दिन्न’ भन्नेहरू आज चुनावमै मत माग्दै हिँडिरहेका छन् । अनौठो विषय, तिनको जयजयकार गर्ने समूह पछाडि देखिन्छ ।

जेनजी आन्दोलनको नाममा घुसपैठ गरेर सिंहदरबार, संसद् भवन र ऐतिहासिक संरचनामा आगो लगाउँदा खुशी मनाउनेहरू आगजनीबारे प्रश्न गर्दा ‘सयौं सिंहदरबार बनाउँछौं’ भन्दै थिए । आज तिनै हातहरूले ‘क्युआर कोड’ बोकेर मतदातासँग चुनावी चन्दा पनि मागिरहेका छन् । संसद् जलाउन जानेहरू संसद् बन्न उम्मेदवार बनेका छन् । चर्का कुरा, खोक्रो आत्मविश्वास र जिम्मेवारीबाट भाग्ने शैली उनीहरूको साझा परिचय बनेको छ । सार्वजनिक सम्पत्तिमा आगो लगाउने र हजारौँलाई रोजगारी दिने निजी क्षेत्रका व्यापारिक घरानाहरू माथि हमला गर्नेहरू नै आज रोजगारी सृजनाको गफ दिइरहेका छन् । दशकौँसम्म पुराना दलमा बसेर पद र प्रतिष्ठाको फाइदा उठाएकाहरू अहिले नयाँको खोल ओढेर आफू ‘पवित्र’ बनेको ढोङ गरिरहेका छन् ।

यस्तो लाग्छ, नयाँ भनिएका दल वासिङ मेसिन हुन्, जहाँ पुगेपछि सात खुन पनि माफ हुन्छ । जस्तोसुकै अपराध गर्ने खलनायक पनि नायक बन्छ । आफू जनप्रतिनिधि हुँदा जनताको पक्षमा कुनै ठोस काम नगरेका, आफ्नो क्षेत्रमा देखिने गरी कुनै जिम्मेवारी पूरा नगर्नेहरू अहिले ‘नयाँ नेपाल’ को सपना बेचिरहेका छन् । यस सम्पूर्ण प्रक्रियालाई सामाजिक सञ्जालको एल्गोरिदमले झन् खतरनाक बनाएको छ । एल्गोरिदमले देखाएको भाषामा कतिपय मतदाता बोल्न थालेका छन् । प्रश्न र अपेक्षा होइन, ट्रेन्डिङ गाली दोहोरिन्छ । जेनजी युवाहरुले सुशासन, समृद्धि र सामाजिक न्यायको मुद्दा उठाएका थिए । मुलुकको स्थिर शासनका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी शासन प्रणालीबारे पनि आवाज उठेको थियो । तर, त्यसबारे नयाँ भनिएका दलहरूले कुनै एजेण्डा अहिलेसम्म बताएका छैनन् । बरु विगतमा सँघीयता र प्रदेश आवश्यक छैन भन्ने बालेन शाह अहिले मतदाता फकाउन सँघीयता बलियो बनाउनुपर्ने बताउन थालेका छन् ।

विगतमा गरिब र निमुखा सुकुम्बासीको बस्तीमा डोजर चलाएका उनी अहिले सुकुमबासी बस्तीमा पुगेर मतदाता फकाइरहेका छन् । कहिले मन्दिर र कहिले चर्चमा पुगेर आफ्नो जितको प्रार्थना गरिरहेका छन् । तर, जितेर के गर्ने अन्यौल छ । अदालतमा दर्जनौं मुद्दा खेपिरहेकाहरु सुशासनको चर्को भाषण गरिरहेका छन् । नेपालको विकासमा सहयोग गर्ने भन्दै एनजिओ र आइएनजिओले अर्बौं बजेट खर्च गरेपनि उपलब्धि नभएको तथ्यले देखाउँछन् । तर, अहिले तिनै एनजिओ र आइएनजीओ चलाइहरेकाहरू राजनीतिमा आएर देश बनाउने गफ गरिरहेका छन् । तर, कसरी ? प्रश्नको जवाफ कोही दिँदैन ।

कोही चुनाव जितेमा फलानो नेतालाई जिल्लामा ल्याइदिन्छौं भन्छ, कोही भ्रष्टाचार अन्त्य गर्न गरिबले राजनीति गर्न नहुने बताउँछ । कोही फुटबल खेलाडी रोनाल्डोलाई २ अर्ब दिएर नेपालको पानीको विज्ञापन गर्न लगाउनुपर्छ भन्छ, कोही गाई राष्ट्रिय जनावर हो भने कुकुर पनि हो भन्छ । विडम्बना, समाजका कथित सेलिब्रेटी भनिएका कतिपय व्यक्तिहरू त्यसकै पछि लागेका छन् । पुराना दलहरूसँग हजारौं प्रश्न छन् । उनीहरूले गरेका कमजोरीका कारण नै मुलुक अहिलेको अवस्थामा आइपुगेको हो । एमाले र काँग्रेसले दुईतिहाइको शक्ति भएको आडमा जनतालाई नहेपेको भए भदौ २३ को विद्रोह हुने थिएन । नेपालमा दुई दलीय व्यवस्था लागू गर्ने र दशकौंसम्म दुई दलको शासन चलाउने घोषित नीतिसहित उनीहरूले दलाल र माफियाको संरक्षण गर्दै चलाएको कुशासन जेनजी आन्दोलनको आधार बन्यो ।

त्यसमाथि सरकारले गरेको बर्बर दमनले चर्काएको असन्तोषमा प्रतिगामी शक्तिदेखि नेपाललाई कमजोर बनाउने र सार्वभौमसत्ता नियन्त्रणमा लिन चाहने शक्तिकेन्द्रको चलखेलमा मुलुक ध्वस्त बनाइयो । ती दुई दिनका घटनामा संलग्न अपराधीहरूलाई कारबाही गर्नुपर्ने हो । तर, आन्दोलनको जगमा बनेको भनिएको सरकार पनि त्यसलाई ती अपराधी संरक्षण गर्ने प्रयासमा छ । त्यही भएर जाँचबुझ आयोगको प्रतिवेदन चुनाव अगाडि सार्वजनिक नगर्ने योजना सरकारले बनाएको छ । यस्तो समयमा समाजका सचेत वर्ग र बुद्धिजीवीहरू कि त मौन छन् कि त एउटा अदृश्य डरले मृतप्राय अवस्थामा पुगेका छन् । सञ्चार माध्यमहरू गम्भीर मुद्दाको खोजी गर्नुको साटो भाइरलको पछाडि लागेका छन् । कसले कसलाई गाली गऱ्यो, कसले के खायो र कसले के लुगा लगायो भन्ने जस्ता सतही कुरामा अल्झिएका छन् ।

नयाँ भनिनेहरूले विगतमा के गरे ? उनीहरूका सबल र दुर्बल पक्ष के हुन् ? पुराना भनिएकाहरूको कमजोरी कति हो ? उनीहरूको योगदान कति हो ? यसको समीक्षा बौद्धिक जगत् र मिडियामा हुनुपर्ने हो । तर, त्यो भइरहेको छैन । कुनै समय केपी ओलीको प्रशंसा गर्दा साइबर हमलामा परेका प्रकाश सपुत अहिले तिनै साइबर हमला गर्नेहरूको समूहमा छन् । उनी पनि आफूलाई नयाँ अभियन्ता बताइरहेका छन् । १५ दिन अगाडि ‘कुलमान घिसिङ नेपालको हिरो हो, अब उ प्रधानमन्त्री हुनुपर्छ’ भन्ने रिमा विश्वकर्मा सांसद बन्नका लागि कुलमानलाई धोका दिन्छिन् । अनि उनैले नैतिकता र नयाँ आचरणको पाठ पढाइरहेकी छन् ।

सामाजिक सञ्जालको एल्गोरिदमले आम मतदाताको विवेकलाई नियन्त्रणमा लिएको छ, जसका कारण नीति र विचारमाथि प्रश्न गर्नेहरूलाई ‘साइबर हमला’ मार्फत चुप लगाइन्छ । दलाल, झोले, एजेन्टको ट्याग भिराइन्छ । भूराजनीतिको जटिलताबारे बोल्न कोही तयार छैन, किनकि बोलेपछि चरित्रहत्या सुरु हुन्छ । यसरी लोकतन्त्र प्रश्नबाट होइन, डरबाट चलाइँदै छ । यदि लोकतन्त्रमा प्रश्नहरू मर्छन् र केवल भीडको आवाज मात्र सुनिन्छ भने, त्यसले मुलुकलाई सुधार होइन, अधिनायकवाद र अराजकतातिर लैजान्छ । एउटा अहङ्कारको अन्त्य गरेर अर्को अहङ्कारलाई स्वागत नेपाली जनताको चाहना हैन । तर, त्यो बाध्यता जस्तो बन्दै गएको देखिन्छ ।

यो निर्वाचनमा मतदाताले केवल अनुहार र चर्का कुरालाई होइन, उम्मेदवारको योजना, आचरण र राष्ट्रिय मुद्दामा उनीहरूको स्पष्टतालाई हेर्नुपर्ने हो । तर, जिम्मेवारी र उन्माद, नीति र नारावाद, लोकतन्त्र र भीडतन्त्रबिचको सैर्षजस्तो बन्दैछ । मतदाताले प्रश्न गर्न छाडे, मिडियाले खोजी गर्न छाडे र बुद्धिजीवीले बोल्न छाडे भने ‘नयाँ’ को नाममा पुरानाभन्दा खतरनाक राजनीतिक संस्कृति स्थापित हुनेछ । त्यसको मूल्य भने अन्तत: देश र नागरिकले तिर्नुपर्नेछ । गाली संस्कृतिले खडा गरेको यो अवस्थाले देशको भूगोल र संस्कृति मात्र होइन, नागरिकको भविष्यसमेत जोखिममा पार्ने निश्चित छ ।

*(साभार: रातोपाटी)*

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ फागुन ८ गते शुक्रबार २० फेब्रुअरी २०२६ । तृतीया, फागुन शुक्लपक्ष । चिल्लाथ्व ११४६ ने.सं. । सूर्योदय ६:३९ सूर्यास्त ५:५७ । सामाजिक न्याय दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : परीक्षामा सफलता मिल्नेछ | तुला | : धर्मकर्ममा मन जानेछ |
| वृष | : पढाइमा रुचि बढ्नेछ | वृश्चिक | : नयाँ मित्रसँग भेटघाट हुनेछ |
| मिथुन | : रिसलाई नियन्त्रण गर्नुपर्नेछ | धनु | : अधुरो काम बन्ने सम्भावना छ |
| कर्कट | : शुभ समाचार मिल्नेछ | मकर | : मित्रहरुबाट सहयोग हुनेछ |
| सिंह | : भाग्योदयको योग छ | कुम्भ | : आफन्तबाट विरोध हुनेछ |
| कन्या | : सहयोगी हातहरु बढ्नेछ | मीन | : पेसाबाट घाटा देखिन्छ |

# उम्मेदवारलाई सामाजिक सञ्जालको भर, मतदातालाई ‘एल्गोरिदम’को डर

✍ विजय नेपाली

अहिले नेपालमा चुनावी सरगर्मी बढेको छ । अघिल्ला निर्वाचनहरुमा भन्दा यसपटकको निर्वाचनमा धेरै सामाजिक सञ्जालको प्रयोग भएको छ । यति बेला विभिन्न राजनीतिक दलका उम्मेदवारहरु सामाजिक सञ्जालमा सक्रिय छन् । फोटोग्राफर, डिजाइनर र कन्टेन्ट क्रिएटर लाई हायर गरेर सामाजिक सञ्जालमा आफ्नो पोस्टहरु छरपस्ट पारिरहेका छन् । प्रत्येक दिन समय छुट्याएर उम्मेदवारहरुका पोस्टहरु सामाजिक सञ्जालमा आउँछन् । त्यहाँ न एजेन्डा हुन्छ, न त भावी योजना नै । आफूलाई असल देखाउने गरी लेखिएका कन्टेन्ट हुन्छन् ।

उम्मेदवारहरु सामाजिक सञ्जालप्रति आकर्षित भइरहँदा मतदाताहरु भने ‘एल्गोरिदम’को सिकार भइरहेका छन् । आफूलाई राम्रो देखाउने र विपक्षीलाई गलत साबित गर्नका लागि भ्रमपूर्ण र मिथ्या सूचनादेखि नागरिकलाई आक्रोशित बनाउने किसिमका कन्टेन्टहरु निरन्तर प्रवाह गर्न एआई (आर्टिफिसियल इन्टेलिजेन्स) को प्रयोग गरिएको छ । यसपटक डिजिटल मार्केटिङमा बढी रकम खर्चिरहेका छन् । ‘एल्गोरिदम’ भनेको कुनै पनि सामाजिक सञ्जाल प्रयोगकर्ताले कस्ता कन्टेन्ट, फोटो, पोस्ट आदि हेर्छन्, रुचाउँछन् र लाइक कमेन्ट गर्छन्, त्यस आधारमा उसलाई त्यस्तै कन्टेन्ट वा पोस्टहरू देखाइरहने अवस्था हो । मिथ्या सूचनामा वृद्धि भएसँगै नेपालमा कानुनी वैधता प्राप्त गरेको सामाजिक सञ्जाल टिकटकसँग गत माघ २१ गते बुधबार एउटा समझदारी भयो । टिकटकले मुख्य तीनवटा निर्वाचन सदाचार लक्ष्यहरू संरक्षण, सशक्तीकरण र साझेदारीअन्तर्गत रहेर निर्वाचन आयोगलाई कुनै शुल्क नलिई सहयोग गर्ने गरी सम्झौता भयो ।

निर्वाचन आयोगका सहसचिव नारायणप्रसाद भट्टराई र टिकटकका तर्फबाट हेड अफ गभरमेन्ट रिलेसन एन्ड पब्लिक पोलिसी फेर्दोस अल मत्ताकिनले हस्ताक्षर गर्नुभयो । सम्झौताअनुसार भ्रामक सूचना नियन्त्रण गर्न आधिकारिक सूचना तथा सन्देशहरू सम्प्रेषण तथा प्रचारप्रसार गर्ने र विश्वसनीय तथ्यहरू मात्र प्रयोगकर्तालाई उपलब्ध गराउने एवं सुरक्षित स्पेस निर्माणका लागि सहयोग पुऱ्याउनेसमेत अपेक्षा राखिएको छ । बढ्दो डिजिटल प्रयोगका कारण आयोगले स्वच्छ निर्वाचन गराउनका लागि यस्तो सम्झौता गरेको हो । यस्तै नेपालमा दर्ता नभएका अन्य सामाजिक सञ्जालमा समेत मिथ्या, भ्रमपूर्ण तथा तथ्यहीन सामग्रीलाई निरुत्साहित गर्ने गरी सुरक्षा निकायको साइबर ब्युरोको सहकार्यमा काम गरिरहेको छ ।

कारण हो, यो निर्वाचनमा सामाजिक सञ्जालको बढ्दो प्रयोग । निर्वाचनका लागि आचारसंहिता लागू गरिएसँगै भ्रामक तथा मिथ्या सूचना फैलाउनेमाथि कारबाही तथा स्पष्टीकरण सोध्ने काम निर्वाचन आयोगले गरिरहेको छ । हालसम्म २९ जना उम्मेदवारलाई स्पष्टीकरण सोधिएको छ, जसमध्ये २४ जनाले स्पष्टीकरण बुझाइसकेका छन् । निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरेका अनुसार २९ जनालाई स्पष्टीकरण सोधिएको थियो, जसमध्ये २४ जनाले जवाफ दिए । यस्तै ६१ वटा मिथ्या सूचना सामग्री नेपाल प्रहरीले हटाएको छ । सातवटा साइट ब्लक भएका छन् भने १४-१५ वटा समाचार पोर्टल प्रेस काउन्सिलले हटाएको छ । निर्वाचन आचारसंहिता विपरीतका गतिविधि रोक्नका लागि आयोगमा जानकारी भएका र आयोगले थाहा पाएका कुरामा तुरुन्तै नियन्त्रण गर्ने गरेको घिमिरेले बताउनुभयो ।

मिडिया तथा मिथ्या सूचना अध्ययनकर्ता उज्वल आचार्यका अनुसार ‘एल्गोरिदम’ प्राविधिक सूत्र हो, जहाँ प्रयोगकर्ताले जस्तो कन्टेन्ट हेर्‍यो सोही मात्र देखाउने गर्दछ । यसपटक निर्वाचनमा अघि नै उम्मेदवारहरूले मिथ्या र भ्रमपूर्ण सूचना फैलाउने गरेको भेटिएको उहाँ सुनाउनुहुन्छ । निर्वाचनको समयमा विपक्षी उम्मेदवारलाई होच्याउने र नराम्रो देखाउनकै लागि मिथ्या सूचनाहरू पोस्ट गर्ने गरेका छन् । अहिले एआईको गलत प्रयोगले निर्वाचनमा क्षणिक सुविधा मिले पनि समग्र निर्वाचन, शासकीय व्यवस्था र प्रजातन्त्रलाई हानि पुऱ्याउने उहाँको तर्क छ ।

‘पहिला ब्यानर टाल्ने, पर्चा बनाउने प्रचलन थियो, अहिले जिरो भयो, डिजिटल प्ल्याटफर्ममा गयो । डिजिटलमा जस्ताको तस्तै भएको भए त्यस्तो ठूलो असर गर्ने थिएन । तर, डिजिटलको प्रयोगमा जाँदा सूचना कति भाइरल हुन्छ, कसरी भाइरल बनाउन सकिन्छ भन्ने हिसाबको जोहो गर्ने अथवा विपक्षीमाथि प्रहार गर्ने हिसाबको प्रचार सामग्री निर्माण गर्दा सहीभन्दा गलत कुरा बढी जान थालेको हो कि, हुनुपर्नेभन्दा नहुनुपर्ने कुरा बढी जान थालेको हो कि भन्ने देखियो’ आचार्यले भन्नुभयो, ‘यसले समग्ररूपमा निर्वाचन, हाम्रो व्यवस्था, प्रजातन्त्रलाई यस्ता कुराले सहयोग पुऱ्याउँदैन । यो कुरामा विचार गर्नुपर्ने देखिन्छ । एआई प्रयोग, लाइक हुने कन्टेन्ट, भिडियोहरू राखेन भने सबैलाई राम्रो गर्छ । तर अहिले आफूलाई पनि बढाइ-चढाइ गरेर हावामा उडाउने, भोलि निर्वाचित भएर जाँदा त्यो अनुसारको सेवा दिन सक्नुहुन्छ कि हुनुहुन्न भन्ने महत्वपूर्ण कुरा हो, यसले नागरिकमा फ्रस्टेसन ल्याउँछ ।’

उहाँका अनुसार सामाजिक सञ्जालमा अहिले एक-अर्काप्रति हिलो छ्याप्ने कार्य भइरहेको छ । सामाजिक सञ्जालमा अहिले उम्मेदवारहरूले एजेन्डा छाडेर सस्तो लोकप्रियताका लागि कन्टेन्ट क्रियटरजस्तै बन्न थालेका छन्, जसका लागि तथ्यभन्दा पनि भ्रमपूर्ण सूचनाको खेती व्याप्त भएको छ । डिजिटल समयमा सूचनाको सम्बाहक भनेकै सामाजिक सञ्जाल हो । भ्रमित सूचनाले सूचनाको परिचक्रलाई नै प्रदूषित बनाउने काम भएको देखिएको छ । यसले आगामी दिनमा धर्म, सांस्कृति, जाति र लिंगको आधारमा ध्रुवीकरण बढाउने खतरासमेत देखिएको छ । निर्वाचन आउने-जाने भए पनि भ्रामक कुराले दीर्घकालीन असर पार्ने आचार्यको भनाइ छ ।


‘त्यो हेर्दा अहिले केही पनि लाग्दैन, कतिपय कुराहरु साना लाग्छन् । जस्तो- धर्मको आधारमा विभेद गरेको छ, कतिपय धर्मसँग आधारित पेजहरूलाई प्रवर्द्धन गरेको छ । यो तत्काल चुनावको लागि देखिए पनि समग्रमा लामो समयसम्म धार्मिक ्रुवीकरण बढाउँछ । अरू विषय जातजाति, लिंगका हिसाबले मिथ्या सूचनाको संकथन, भाष्य निर्माण भइरहेको छ, त्यसले समाजलाई सही बाटोमा लाँदैन । त्यस्ता असरले सामाजिक द्वन्द्व बढाउनुका साथै प्रजातन्त्रलाई सही बाटोमा नलगी गलत बाटोमा डोऱ्याउने खतरा देखिएको छ’, उहाँले भन्नुभयो । प्रविधिबारे नियमन गर्न आवाज उठाउँदै आइरहेका डिजिटल राइट्स नेपालका अध्यक्ष अधिवक्ता भोला ढुंगाना डिजिटल प्लेटफर्मलाई नियमन गर्ने, एल्गोरिदम नियन्त्रण गर्ने स्पष्ट कानुनी व्यवस्था नभएको बताउनुहुन्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# जस जति आफूलाई, अपजस जति एआईलाई

काठमाडौं/चुनावी अभियानमा व्यस्त नेताहरू यतिबेला मतदाताका घरदैलोमा छन् । नयाँ-पुराना सबै शक्तिहरू मतदातालाई आफूतिर तान्न कसरत गरिरहेका छन् । जसरी हुन्छ मतदातालाई आफू चोखो देखाएर मत माग्नु छ ।

यतिसम्म कि, जनताबाट प्रश्नले घेरिएका नेताहरूले आफूलाई इमानदार देखाउन आफ्नो इमान नै दाउमा राखेका छन् । प्रविधि हाबी भएको यो समयमा एआई-एल्गोरिदमलाई दोष दिएर अबोध मतदाता भुक्क्याउने काम झन् सहज बनेको छ । असल गरे आफूले दाबी गर्ने नेताहरू कमसल गरे एआई वा एल्गोरिदमलाई दोष दिएर पन्छिने क्रम बढ्दो देखिन्छ ।




जस्तो, एमाले अध्यक्ष केपी शर्मा ओलीकै मतदातासँगका केही संवाद हेरौं । उनी अहिले झापामा घरदैलोमा व्यस्त छन् । रास्वपाका वरिष्ठ नेता बालेन शाह झापा-५ बाट उम्मेदवार बनेपछि रक्षात्मक देखिएका ओलीले यसपटक घरदैलो छाडेका छैनन् । बरु मतदाताका प्रश्नमा जस्तै भए पनि जवाफ फर्काइरहेका छन् ।

झापास्थित कमल गाउँपालिका-१ मा घरदैलोको क्रममा स्थानीय मोहनबाबु शेर्पाले जेनजी आन्दोलनका क्रममा नेताका घरबाट निस्किएका पैसाबारे सोधेका थिए । विशेषगरी कांग्रेस सभापति शेर बहादुर देउवालगायतका घरमा जलेको पैसाबारे सोधेका थिए । तर, ओलीले एआई निर्मित भनेर ती मतदाताका प्रश्नलाई पन्छाइदिए । 'त्यो भिडियो र फोटोहरू एआई प्रविधि प्रयोग गरेर बनाइएका हुन् । विदेशतिर एआईको प्रयोग गरेर यस्ता नक्कली कुराहरू बनाइन्छन् । त्यो नेपाली फोटो नै होइन, दुष्प्रचार गर्न बनाइएको हो,' ओलीको जवाफ थियो ।

तर, मतदाताले त्यसै छाड्नेवाला थिएनन् । 'त्यतिबेला (जेनजी आन्दोलन) पत्रकारहरूले जलेको ट्याङ्की र पैसा प्रत्यक्ष प्रसारणमै देखाएका थिए, त्यो पनि एआई हुन्छ र?' भनेर सोधिहाले । ओलीले पनि बचाउ गर्दै भने, 'अहिलेको जमानामा देखिने सबै कुरा सत्य हुँदैनन् । तर, यदि कसैले भ्रष्टाचार गरेको प्रमाणित भयो भने हामी छानबिन गरेर कारबाही गर्छौं ।'

अहिलेको जमानामा देखिएका सबै कुरा सत्य हुँदैनन् भन्ने ओली तिनै हुन्, जुन पार्टीले यसअघि आफ्नो महाधिवेशनमा एआई-सिर्जित फोटो हालेर भ्रम फैलायो । एमाले नेता महेश बस्नेतलगायतका शीर्ष नेताहरूले नै महाधिवेशनको उद्घाटनसत्रमा ठूलो भिड जम्मा भएको देखाउन एआई निर्मित फोटो पोस्ट गरेका थिए ।

कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवाले पनि आफ्नो घरमा जलेको भन्दै आएका भिडियो एआईबाट बनाइएको दाबी गरेका छन् । 'यो फेक भिडिओ हो । बाहिरबाट ल्याइएको भिडिओ हो । मेरो घरमा २० लाख रे, ५० लाख रे! यो फेक भिडिओ हो,' गत २८ असोजमा सानेपामा आयोजित तत्कालीन केन्द्रीय समिति बैठकमा देउवाले भनेका थिए, 'यो धेरै पहिलाको भिडिओ, फेक भिडिओ बनाएर मेरो खिलाफमा षड्यन्त्र गर्ने कुरा अहिले सामाजिक सञ्जाल र विदेशी सबै आइसक्या छ ।'

फोटो र भिडियोबाहेक अडियोका हकमा पनि नेतादेखि अभियन्ताका दाबी उस्तै छन् । आफ्नाबारे केही कुरा बाहिर आए एआईलाई दोष दिन पछि पर्दैनन् । जस्तो, केही समयअघि राजावादी अभियन्ता दुर्गा प्रसाईंले सरकारी वेबसाइट ह्याक (डिफेस) गराउन भन्दै ह्याकरसँग कुराकानी गरेको एउटा अडियो टेकपाना मिडियामार्फत सार्वजनिक भयो । उक्त अडियोमा प्रसाईंले सरकारी वेबसाइट ह्याक गरेर राजावादी सन्देश छोड्न भनेका थिए । सोहीअनुसार ८/१० वटा वेबसाइट डिफेस पनि भयो ।

तर, प्रसाईंले यसमा आफ्नो हात नरहेको बताए । सार्वजनिक अडियो पनि एआईबाट बनाइएको र चरित्रहत्या गरिएको दाबी गरे । तर, नेपाली फर नेपालका ह्याकर सन्देश अर्याल (जसले प्रसाईंसँग कुराकानी गरेका थिए) ले भने उक्त अडियो वास्तविक भएको र प्रसाईंकै सहयोग र निर्देशनमा काम गरेको स्वीकारिसकेका छन् ।

एआईमात्र होइन, आफ्नो कमजोरी ढाकछोप गर्न एल्गोरिदमलाई दोष दिने पनि कम्ती छैनन् । जस्तो, पुराना दलका कार्यकर्ता समाज पहिलाभन्दा खस्कँदै गएको स्वीकार गर्छन् । सामाजिक चेत तुलनात्मक रूपमा तल झरेको आफैं बताउँछन् । तर, समाज यस्तो हुनुका पछाडि आफू आबद्ध दलका यसअघिका कर्म कारक हुन् भनेर स्वीकार्न तयार देखिँदैनन् । बरु सिधै एल्गोरिदमले यो अवस्थामा पुर्‍याएको दोष देखाउँछन् ।

'यो व्यवस्था कुनै एल्गोरिदम र पपुलिस्टहरूले ल्याएको व्यवस्था होइन । यो त १७,००० मानिसको रगतसँग साटिएर ल्याएको व्यवस्था हो । त्यसैले अबको मिसन भनेको जसको नीति उसैको नेतृत्व,' पछिल्लो समय नयाँ भनिएका दलप्रति देखिएको सञ्जालको क्रेजलाई कटाक्ष गर्दै नेकपा कार्यकर्ता खड्क थामी रापिलले सामाजिक सञ्जालमा लेखेका छन् ।

यसरी एल्गोरिदमलाई दोष देखाएर विपक्षीप्रति कटाक्ष गर्नेमा पुराना मात्र होइन, नयाँ दलका नेता/कार्यकर्ता पनि कम छैनन् । धराने पूर्वमेयर हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टीले पनि फेसबुकमा विभिन्न आईडी बनाएका छन् । 'श्रम संस्कृति पार्टी - हर्कवाद' भन्ने एउटा ग्रुप पनि बनाइएको छ । उक्त ग्रुपमा श्रम संस्कृति पार्टी-हर्कवादकै ह्यान्डलबाट साइबर सेनाको माध्यमबाट रास्वपाले सामाजिक सञ्जालको एल्गोरिदम नै बदलेको आरोप लगाइएको छ ।

'लाखौं साइबर सेना खटाएर घन्टी बजाउँदै फेसबुक-टिकटकको एल्गोरिदम बदल्दै जनता झुक्याउँदै चुनाव जितेर मात्र हुन्न । देश विकास गर्न त सिद्धान्त, इमानदारिता, अठोट र कडा परिश्रम चाहिन्छ । त्यसैले 'माटो' को विकल्प छैन,' उक्त ग्रुपमा लेखिएको छ । एमाले अध्यक्ष केपी शर्मा ओलीले पनि यस्ता कुराप्रति लक्षित गर्दै बेलामौकामा टिप्पणी गरेका छन् । आमवृत्तबाट आह्वान गरिएको पब्लिक डिबेटमा सहभागी हुने इच्छा देखाउँदै गरेको पोस्टमा समेत उनले यसको संकेत गरेका थिए ।

उनले सामाजिक सञ्जालमा लेखेका थिए, 'फ्रेमिङ गरेर सामाजिक सञ्जालमा ल्याइएका प्रचार सामग्री मतदातालाई देखाएर आफ्नो वास्तविक चरित्र लुकाउने प्रवृत्ति देखिएकोले यस्तो पब्लिक डिबेट माग भएको हुन सक्छ ।' आमवृत्तमा एल्गोरिदमलाई यसरी प्रस्तुत गरिएको छ कि मानौं सबै बिग्रन थालेको यसकै कारण हो । सामाजिक सञ्जालमा बालकृष्ण खत्री लेख्छन्, 'फेरि नयाँ एल्गोरिदम? साँच्चिकै हाम्रो देशमा के हुँदै छ ? बुझिसक्नु भएन बा !'

यसरी आमनागरिकमा एल्गोरिदमका नाममा आवश्यक भन्दा ठूलो भय सिर्जना गर्न थालिएको देखिन्छ । जसलाई लिएर एआई विज्ञ दोभान राईले संस्थागत असफलतालाई एल्गोरिदमसँग जोडेर हेर्न नहुने टिप्पणी गरेकी छन् । एक कार्यक्रममा बोल्दै उनले भनेकी छन्, 'एल्गोरिदमको भाष्य कहिलेकाहीँ जे गर्‍यो त्यही दिन्छ भन्ने छ भने कहिलेकाहीँ एल्गोरिदमले नै सबै गर्‍यो भनेर बलिको बोको बनाइन्छ । तर, यो समस्या भनेको संस्थागत असफलता हो ।'

यद्यपि, एल्गोरिदमले मतदाताहरू प्रभावित गर्ने अवस्था रहे पनि सबै दोष त्यसलाई लगाएर आफ्ना कमजोरी ढाकछोप गर्न नहुने तर्क डा. राईको थियो । लेखक युभल नोहा हरारी पनि एल्गोरिदमको प्रभावलाई कम आँक्न नहुने तर्क गर्छन् । यसले लोकतन्त्रलाई नै चुनौती थपिने उनले बताएका छन् । 'एल्गोरिदमले नै न्युज फिड अध्यावधिक गरिदिने हुँदा फेसबुक र टिकटकमा आउने न्युजफिडहरूको नियन्त्रण एल्गोरिदममा छ । पाठकहरूले परम्परागत मिडिया र तिनका सम्पादकमाथि अविश्वास गर्दै आफ्नो सामाजिक सञ्जाल अध्यावधिक गरिदिने एल्गोरिदमप्रति बढी विश्वास गरिरहेका छन्,' उनले रिचुला साहसँगको एक संवादमा भनेका छन्, 'जब सार्वजनिक संवाद एल्गोरिदमको नियन्त्रणमा हुन्छ त्यसले लोकतन्त्रलाई चुनौती थपिदिन्छ ।'

यसरी प्रविधि र सामाजिक सञ्जालका एल्गोरिदम नयाँ चुनौतीको रूपमा आएको सत्य भए पनि नेताहरूले आफ्ना कमजोरी ढाकछोप गर्ने पछिल्लो अस्त्र यसैलाई बनाइरहेको बताउँछन्, युवा विश्लेषक नवीन तिवारी । तिवारीले नेपाली नेताहरूले आफ्ना विवादास्पद अभिव्यक्ति र कमजोरीलाई ढाकछोप गर्न एआई र सामाजिक सञ्जालको एल्गोरिदमलाई दोष दिने प्रवृत्ति बढेको बताए । उनले यो समस्या प्रविधिमा भन्दा बढी जनताको सोच, मानसिकता र 'क्रिटिकल थिंकिङ' को कमीमा रहेको जोड दिए ।

तिवारीका अनुसार, कुनै भिडियो भाइरल भएपछि नेताहरूले तुरुन्तै 'यो एआईले बनाएको डिपफेक हो' भन्ने दाबी गर्छन् । उनीहरूका समर्थकहरूले यो कुरा पत्याउँछन् र फैलाउँछन् । यसले न्युट्रल जनतालाई पनि प्रभावित गर्छ, जसले 'ए! एआई रहेछ' भन्ने भ्रम सिर्जना गर्छ । यसरी नेताहरूले एआईको नाम जोडेर झुटा कुरा फैलाउन र जिम्मेवारीबाट पन्छिन सजिलो बनाएका छन् ।

'हामीले क्रिटिकल सोच्ने, फ्याक्ट चेक गर्ने बानी नबसालेसम्म यो समस्या रहिरहन्छ,' तिवारीले थपे, 'मानौं, एल्गोरिदमले आम मतदातालाई बहकाइ पनि रहेको छ रे! तर, आज यो अवस्था कसको कारण आयो? दशकौंसम्म शासन गर्ने नेताहरूले सुसूचित जनता बनाउने प्रणाली विकास गर्न सकेनन् । शैक्षिक संस्थाले क्रिटिकल थिंकिङ र फ्याक्ट फाइन्डिङलाई प्रोत्साहन गरेनन् । मिडिया र सूचना संस्था बलियो बनाउन सकेनन् ।'

त्यसैले अहिलेको समयमा एल्गोरिदममा खेल्ने स्पेस बनिरहेको छ भने त्यसको जिम्मेवारी पनि पुरानै नेतृत्वको रहेको तिवारीले बताए । यसअघि शासनसत्तामा रहेकाले डिजिटल साक्षरतामा काम नगर्दा यो समस्या उत्पन्न भएकोले उनीहरूले नै यो अवस्थाको जिम्मेवारी लिनुपर्ने तर्क तिवारीको छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'बिगुल', 'श्री बुकुरो' र 'शिवांश'ले रिलिज रोक्दा 'आ बाट आमा'लाई फाइदा



काठमाडौं/गत कात्तिकमा प्रदर्शन भएको फिल्म 'परान'पछि तीन महिना नेपाली फिल्मको व्यापार मौसमजस्तै चिसियो । यो बीचमा एक दर्जन हाराहारी फिल्म रिलिज भए पनि कुनैले गतिलो व्यापार गर्न सकेनन् । तीन महिनामा करिब १० करोड रुपैयाँ बालुवामा पानी खन्याएजस्तै भयो । 'स्टार' भनिएका कलाकारको समेत फिल्म नचल्दा फिल्मकर्मीमा निराशा र अन्योलता छाएको थियो ।

धेरैले अब प्रतिनिधि सभा निर्वाचनभन्दा अघि फिल्म हेर्ने माहोल नबन्ने अड्कलबाजी गरिरहँदा माघ १६ गतेबाट प्रदर्शन भएको फिल्म 'आ बाट आमा'ले संकटग्रस्त बक्स अफिसलाई उद्दार गरेको छ । चौथो साताको संघारमा रहेको यो फिल्मको व्यापार १० करोड नजिक पुगिसकेको छ । यसले फिल्म हेर्न दर्शकलाई चुनावी माहोलले कुनै फरक नपारेको स्पष्ट देखाउँछ ।

तर, 'आ बाट आमा'ले उत्साहजक व्यापार गरिरहँदा अन्य फिल्मले भने चुनावलाई कारण देखाउँदै रिलिज स्थगित गरिरहेका छन् । मंगलबार मात्र तीन फिल्म 'बिगुल', 'श्री बुकुरो' र 'शिवांश'ले रिलिज स्थगनको घोषणा गरे । फागुन १ गते हलमा लागेका यी तीन फिल्ममध्ये 'बिगुल' र 'श्री बुकुरो'ले निर्वाचन र 'शिवांश'ले प्राइम टाइममा शो नपाएको कारण देखाउँदै रिलिज स्थगित गरेका हुन् ।

'बिगुल', 'श्री बुकुरो' र 'शिवांश'को रिलिज स्थगित हुँदाको फाइदा 'आ बाट आमा'लाई हुने देखिन्छ । हलमा धेरै फिल्म भएका कारण यो फिल्मको शो संख्या र व्यापारमा कहीँ न कहीँ असर परिरहेको थियो । अब तीन फिल्मले रिलिज स्थगित गर्दा हलमा दर्शकका लागि रोजाइ कम भएको छ । यसले 'आ बाट आमा'को व्यापारमा फाइदा पुग्ने अनुमान गरिएको छ ।

अब फागुन १५ गतेभन्दा अघि हलमा नयाँ नेपाली फिल्म लाग्ने छैनन् । फागुन १५ गते भने फिल्म 'प्रवासी जीवन' प्रदर्शन हुँदैछ । तर, यो फिल्मको चर्चा शून्य प्राय: रहेकाले चुनावसम्म 'आ बाट आमा'ले नै हलमा आफ्नो दबदबा कायम राख्ने देखिन्छ । तेस्रो सातामा पनि दैनिक ३० लाखमाथिको व्यापार गरिरहेको यो फिल्मले चुनावसम्म १२ करोड कमाउन सक्ने प्रक्षेपण गरिएको छ ।

# वर्षाले छाडेपछि 'कार्की साइँला'मा भित्रिइन् 'मुन्नी'

काठमाडौं/राजेन्द्र बस्नेतको निर्देशनमा बन्न लागेको फिल्म 'कार्की साइँला'मा मुख्य अभिनेत्री परिवर्तन भएका छन् । गत बैशाखमा वर्षा सिकावोटीलाई लिएर निर्माण घोषणा गरिएको यस फिल्ममा अब प्रियना आचार्य (मुन्नी) अनुबन्धित भएकी छन् । वर्षाले सहमतिमै फिल्म छाडेपछि निर्माताले उनको ठाउँमा प्रियनालाई भित्र्याएका हुन् ।




यस फिल्ममा प्रियनाको जोडी अभिनेता जितु नेपालसँग बाँधिनेछ । यसअघि 'लाज शरणम्', 'झरीपछिको इन्द्रेणी' र 'कल्ली'मा काम गरिसकेकी उनी पहिलो पटक 'कार्की साइँला'मा मुख्य भूमिकामा देखिन लागेकी हुन् । उनले फिल्मको कथावस्तु र आफ्नो चरित्र मन परेपछि काम गर्न तयार भएको बताएकी छन् । उनी यो फिल्मलाई लिएर उत्साहित देखिएकी छन् ।

नेपालको पूर्वी जिल्ला धनकुटामा छायांकन हुने यस फिल्ममा जितु र प्रियनासहित सुशील पोखरेल, बिरेन्द्र सिंह कुशवाहा, मान्शी शर्मा, मनिल तामाङ, रेणुका आचार्य, दिप्सन लिम्बू, रोदा राई, कमल देवकोटा लगायतका कलाकारहरूको अभिनय रहनेछ । ग्रामीण परिवेशमा निर्माण हुने यो फिल्म भरियाको कथामा आधारित रहने जनाइएको छ ।

कर्ण बहादुर फिल्म्स प्रालिको ब्यानरमा बन्न लागेको यस फिल्मको निर्मातामा बालकुमार राई रहेका छन् । कृष्ण भगत चाम्लिङ प्रस्तुतकर्ता रहेको फिल्ममा डम्बर राईको छायांकन, किरण दाहालको द्वन्द्व निर्देशन तथा दिप्सन लिम्बूको संगीत रहनेछ । म्युजिक भिडियो निर्देशकको रूपमा परिचित रोजल थापालाई फिल्ममा मुख्य सहायक निर्देशकको जिम्मेवारी दिइएको छ ।

# समस्याग्रस्त सहकारीका १३ हजार ऋणीको बैंक खाता र सम्पत्ति रोक्का

काठमाडौं/समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले १३ हजार ऋणीको चलअचल सम्पत्ति रोक्का राखेको छ । कार्यालयले उक्त सम्पत्ति जफत गरी बचतकर्तालाई फिर्ता गर्नुपर्ने रकम असुलीका लागि रोक्का राखेको हो ।

कार्यालयका अनुसार नेपाल सरकारबाट घोषणा गरिएका अधिकांश सहकारी संस्थाको पूँजी अपर्याप्त र असुली नहुने कर्जा उच्च छ । त्यसले गर्दा पनि बचतकर्ताको बचत रकम चाहेर पनि पूर्णफिर्ता गर्न नसकिने कार्यालयले जनाएको छ । हाल रोक्का राखिएका चलअचल सम्पत्ति जफत मार्फत बचतकर्ताको रकम फिर्ता गर्न रकम नपुग्ने कार्यालयले जनाएको छ ।

समिति गठनदेखि हालसम्म २३ सहकारी संस्था जिम्मेवारीमा आएकोमा तीन सहकारी संस्थाको सम्पत्ति व्यवस्थापन र दायित्व भुक्तानी गरी राफसाफ भएको छ । बाँकी २० सहकारीको सम्पत्ति व्यवस्थापन र दायित्व भुक्तानी कार्य गर्दै आएको छ ।

समस्याग्रस्त सहकारी संस्थाहरूको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्यसम्पादन गर्ने सिलसिलामा ७४ हजार ३ सय ७ जनाबाट ४४ अर्ब ४८ करोड ९० लाख ५ हजार ६ सय २६ रुपैयाँ रकम बचत मागदाबी पेस हुन आएकोमा ४ अर्ब १२ करोड ६६ लाख ५ हजार ६ सय ५४ रुपैयाँ बचत फिर्ता र मिलान कार्य सम्पन्न भएको कार्यालयले जनाएको छ । समितिले समस्याग्रस्त सहकारी संस्थाको ऋण असुली प्रक्रिया अन्तर्गत १३ हजार ऋणी सदस्यको बैंक खाता, सेयर तथा अचल सम्पत्ति रोक्का गरेको छ ।

अचल सम्पत्ति मूल्यांकन गरी मौद्रिक कारोबार मार्फत प्राप्ति प्रक्रिया जटिल र प्रक्रियामुखी हुँदा ऋण असुली कार्य प्रभावकारी बनाउन चुनौतीपूर्ण रहेको कार्यालयले जनाएको छ । जसका कारण मागदाबी पुगेका बचतकर्ताको बचत फिर्ता गर्दै हिसाबकिताब राफसाफ फरफारक गर्न अझै समय लाग्ने कार्यालयको अनुमान छ ।

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयमा कार्यबोझ, कार्यप्रकृति र प्रणालीका आधारमा सहकारी सम्बन्धी विषय हेर्न दक्ष, अनुभवी र उत्प्रेरित कर्मचारी पर्याप्त नभएको कार्यालयका एक अधिकारीले बताए । कर्मचारीको छिटोछिटो सरुवा हुनु, कार्यानुभव र कार्यप्रगतिको प्रत्यक्ष/अप्रत्यक्ष सम्बन्ध राख्ने सूचना तथा जानकारी हस्तान्तरण नहुनु जस्ता समस्याले बाँकी रहेका सहकारीको राफसाफ गर्न सहज नभएको उनी बताउँछन् ।

स्वार्थको द्वन्द्व, गलत सूचना प्रवाह, अफवाह फैलाइनु र पीडितलाई कार्य प्रक्रियाबारे आश्वस्त पार्न नसक्दा समस्या झनै जटिल बनेको उनको बुझाइ छ । उनका अनुसार सरोकारवालाको पर्याप्त सहयोग र समन्वय हुन नसक्दा समितिका साथै समग्र शासन प्रणालीको सुशासन र विश्वास नै कमजोर हुन सक्ने देखिन्छ ।

पीडितले समयमै न्याय नपाउँदा स्वार्थ समूहले गलत सूचना प्रवाह गरी आन्दोलन, विरोध लगायत माध्यमबाट समितिलाई कार्यसम्पादन गर्न आगामी दिनमा पनि अप्ठ्यारो पार्न सक्ने उनको भनाइ छ । साथै, सहकारी संस्थाहरूको कारोबार, अभिलेखलगायत विवरण जाँच गर्दा सबै ऋणीको विवरण, प्रमाण पुग्ने कागजात नभएको/ लुकाइएको, हिसाब मिलान नभएको, ऋणीले ऋण तिरेको दाबी गरे तापनि सहकारी प्रणालीमा अद्यावधिक नभएको जस्ता समस्याले झनै जटिल बनाउने गरेको उनले सुनाए ।

संस्थामा रकम हिनामिना र गलत कर्जा प्रवाह भएको देखिएकाले त्यस्ता संस्थाका पीडितलाई बचत फिर्ता गर्न कानुनी तथा प्रक्रियागत जटिलताले ढिलाइ हुने उनले बताए । समस्याग्रस्त सहकारी संस्थाहरूले कारोबार व्यवस्थापन सूचना प्रणाली आफ्नै प्रयोग गरी कारोबार गरेको देखिन्छ । जथाभावी सूचना प्रणाली प्रयोगका कारण पीडक सहकारी सञ्चालकले विवरण सजिलै लुकाउन र हेरफेर गर्न सक्ने भएकाले कारोबार विवरण यकिन गर्न निकै कठिन रहेको कार्यालयले जनाएको छ ।

यसले पनि पीडितलाई बचत फिर्ता गर्न प्रक्रियागत अडचन बढाएको कार्यालयले दाबी छ ।

*(स्रोत: अनलाइनखबर)*

# अन्तर्राष्ट्रिय उडानमा धेरै यात्रु बोक्छ नेपाल एयरलाइन्स




काठमाडौं/नेपालबाट अन्तर्राष्ट्रिय उडान गर्ने वायुसेवा कम्पनीमध्ये सन् २०२६ जनवरीमा नेपाल एयरलाइन्स पहिलो स्थानमा रहन सफल भएको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयको तथ्यांक अनुसार जनवरीमा नेपाल एयरलाइन्सले कुल ५४ हजार ३ सय ९८ यात्रुलाई सेवा दिएको छ ।

राष्ट्रिय ध्वजावाहक नेपाल एयरलाइन्सबाट २७ हजार ३ सय ७८ यात्रु विदेश प्रस्थान गरेका छन् । २७ हजार १६ जना नेपाल आएका छन् । अन्तर्राष्ट्रिय उडानमा ३० हाराहारी कम्पनीले नेपालमा उडान गरिरहेका छन् । तीमध्ये दोस्रो स्थानमा एयर अरेबिया छ । उसले एक महिनामा ४७ हजार ५ सय १९ यात्रुलाई सेवा दिएको छ ।

कतार एयरवेज तेस्रो स्थानमा छ । उसले जनवरीमा ४२ हजार ११ यात्रु बोकेको छ । नेपालकै निजी अन्तर्राष्ट्रिय वायुसेवा कम्पनी हिमालय एयरलाइन्सले एक महिनामा ३५ हजार ५४ यात्रुलाई सेवा दिएको छ । बुद्ध एयरले भने २ हजार ८ सय ३४ यात्रुलाई सेवा दिएको छ ।

नेपाल एयरलाइन्सले एक महिनामा कुल ३ सय उडान/अवतरण गरेको तथ्यांक छ । जसमा १ सय ५० उडान र सोही संख्यामा अवतरण भएको छ । यसलाई दैनिक औसत निकाल्दा नेपाल एयरलाइन्सले १० उडान/अवतरण गरिरहेको देखिन्छ ।

कतारले एक महिनामा १ सय ५८ उडान/अवतरण गरेको छ । हिमालयले २ सय ७० र एयर अरेबियाले भने ३ सय ७२ उडान/अवतरण गरेको छ । अन्तर्राष्ट्रिय उडानका कम्पनीले एक महिनामा कुल ४ लाख ३१ हजार ६ सय ३५ जनालाई सेवा दिएका छन् ।

# फिल्म नचलेपछि रिलिज स्थगितको नाटक

काठमाडौं/नेपालका नेता र फिल्मकर्मीहरूमा एउटा समानता छ । त्यो हो, सत्य स्वीकार नगर्ने प्रवृत्ति । जसरी नेताले आफ्नो गल्ती लुकाउन ढाकछोप गर्छन्, त्यसरी नै निर्माताहरू फिल्मको असफलता अस्वीकार गर्न विभिन्न बहाना बनाउँछन् । यस्तै प्रवृत्ति अहिले फेरि देखिएको छ । हलमा फिल्म हेर्ने दर्शकको हाहाकार भएपछि निर्माताहरूले अनेक बहाना बनाउँदै रिलिज स्थगित गरिरहेका छन् ।

मंगलबार तीन फिल्म 'बिगुल', 'श्री बुकुरो' र 'शिवांश'ले लगभग एकैसाथ रिलिज स्थगितको घोषणा गरे । यसमध्ये 'बिगुल' र 'श्री बुकुरो'ले रिलिज रोक्न बनाएको बहाना एउटै थियो, आसन्न निर्वाचन । 'शिवांश'का निर्माताले भने प्राइम टाइममा शोज नपाएका कारण प्रदर्शन स्थगित गरिएको जनाएका छन् । यी तीन फिल्म हलमा ५ दिन चलेपछि निर्माताले प्रदर्शन रोक्ने निर्णय गरेका हुन् ।

'बिगुल', 'श्री बुकुरो' र 'शिवांश'को जुन कारण देखाएर रिलिज स्थगित गरिएको छ, त्यसमा सत्यता देखिँदैन । यी फिल्म धेरै हलबाट दर्शक अभावले आइतबार नै उत्रिसकेका थिए । प्रदर्शनको ५ दिनसम्म यी फिल्मलाई दैनिक ५० हजार कमाउन पनि हम्मे-हम्मे परेको थियो । यसैले 'फ्लप'को ट्यागबाट जोगिन तीनवटै फिल्मका निर्माताले एउटा बहाना बनाएर रिलिज स्थगित गरेको देखिन्छ ।

एकातिर दर्शक नपाएका फिल्महरूले विभिन्न बहाना बनाउँदै रिलिज स्थगित गरिरहँदा अर्कोतिर फिल्म 'आ बाट आमा'ले बक्स अफिसमा उत्साहजनक व्यापार गरिरहेको छ । यो फिल्मको व्यापार १० करोड नजिक पुगिसकेको छ । यसलाई न चुनावले असर गरेको छ न प्राइम टाइमको शोज चाहिएको छ । दर्शकले नै नपत्याएका फिल्मका निर्माताहरूको भने अनेकथरी बहाना देखिन्छ ।

यसअघि पनि फिल्म नचलेपछि विभिन्न बहाना बनाएर रिलिज स्थगित गरिएका धेरै उदाहरण छन् । केही साताअघि फिल्म 'द ब्लू लाइट'को प्रचार नपुगेको भन्दै रिलिज स्थगित गरिएको थियो । जबकि, यो फिल्मको दैनिक व्यापार २० हजार पनि थिएन । 'रियाल रिङ्गेट', 'सेक्रेट अफ राधा' जस्ता फिल्मका निर्माताले पनि कमाइ राम्रो नभएपछि विभिन्न बहाना बनाएर रिलिज स्थगन गरेका थिए ।

नेपालमा अहिलेसम्म जति पनि फिल्मको रिलिज स्थगित भएको छ, ती कुनै दर्शकलाई आकर्षित गर्न सफल थिएनन् । दर्शकले नै विश्वास नगरेपछि 'फ्लप'को ट्याग लाग्ने डरले निर्माताहरूले फिल्मलाई हलबाट उतार्ने गरेको देखिन्छ ।

ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस **ब्लु हेवन टेलर्स** कान्तिराजपथस्थित **शाक्य प्लाजा** भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# बागमतीमा दुधबाट महिनाको डेढ करोड भित्रिँदै

साझाकुरा संवाददाता

हेटौंडा, ६ फागुन/ एकदसक अघिसम्म पशुपालनमा खासै चासो नदिने गाउँमा सडक सुबिधा र स्थानीय सरकारको उत्प्रेरणाले हिजोआज करोडौं रुपैयाँ गाउँमा भित्रिन थालेको छ ।

मकवानपुरको बागमती गाउँपालिकामा दुध बेचेर महिनाकै करिब डेढ करोड रुपैयाँ भित्रिने गरेको छ । पालिकाभित्र दैनिक साढे छ हजार लिटर दुध संकलन भई बिक्री हुँदै आएको र सोहीमार्फत मासिक त्यतिको रकम गाउँमै भित्रिने गरेको हो । 'गाउँपालिकाभित्र दैनिक साढे छ हजार लिटर दुध संकलन भइरहेको छ, दुध बेचेर मासिक पालिकामा डेढ करोड रुपैयाँ भित्रिन्छ,' बागमती गाउँपालिका प्रवक्ता कमानसिं पाख्रिनले जानकारी दिए । दुध उत्पादन प्रवर्द्धनका लागि पालिकाले बीउपुँजीकारुपमा सात करोड रुपैयाँ लगानी गरेको छ भने चिस्यान केन्द्र स्थापना गर्न झन्डै एक करोड रुपैयाँ खर्च गरिएको छ ।



त्यसो त सदरमुकाम हेटौंडाबाट फापरबारी पुग्न एक दसक अघिसम्म दिनभर लाग्ने गरेको थियो । हिजोआज एक घण्टाको सवारी सानधमा यात्रा गर्दा फापरबारी पुग्न सकिन्छ । स्थानीय सरकार आएपछि पालिकाले उपलब्ध गराएको बीउपुँजीबाट ७६१ जना कृषक लाभान्वित भएका छन् । आर्थिक वर्ष २०८०/८१ देखि गाईभैंसी खरिदका लागि प्रतिकिसान एक लाख रुपैयाँ निर्ब्याजी बीउपुँजी उपलब्ध गराइएको प्रवक्ता पाख्रिनले जानकारी दिए । यो रकम तीन वर्षभित्र फिर्ता गर्नुपर्ने व्यवस्था गरिएको छ ।

पालिकाले पशुबीमा कार्यक्रम सञ्चालन गरेको छ । किसानले पालेका पशु मरेको खण्डमा राहत पाउने व्यवस्था मिलाइएको छ । उत्पादित दुधको बजारीकरणको जिम्मेवारी पनि पालिकाले नै लिएको छ । दुध बजारीकरणका लागि खरि पाटी डेरीसँग सम्झौता गरी प्रत्येक १५ दिनमा सहकारीमार्फत् कृषकलाई भुक्तानी हुने व्यवस्था गरिएको छ । पालिकाअन्तर्गतका ११ वटा दुग्ध उत्पादक सहकारी संस्थामार्फत् दुध संकलन भइरहेको छ । प्रत्येक सहकारीमा चिस्यान केन्द्र जडान गरी कृषकले उत्पादन गरेको दुध व्यवस्थापन गरिएको छ ।

भोर्लेनी, फापरबारी र नमुना दुग्ध उत्पादक सहकारी संस्थामा सबैभन्दा बढी दुध संकलन हुँदै आएको छ । विशेष गरी बागमती-६ स्थित फापरबारी दुग्ध उत्पादक सहकारी संस्थाले दैनिक करिब एक हजार तीन सय लिटर दुध संकलन गर्दै आएको छ । आर्थिक वर्ष २०८०/८१ मा दैनिक दुई हजार सात सय लिटर दुध संकलन हुने गरेकोमा हाल बढेर दैनिक छ हजार ६५० लिटर पुगेको छ । राईगाउँ, बागमती, गढन, झुरझुरे, भोर्लेनी, फापरबारी, पाथीभरा, समाज उत्थान, प्रगति, बेतिनी र नमुना दुग्ध उत्पादक सहकारी संस्थामार्फत् दुध संकलन हुँदै आएको छ ।

दुधमा आत्मनिर्भर बन्दै गएको बागमती पालिकामा दुध तथा मासु उत्पादनका लागि राँगाभैंसी पालन विस्तार हुँदै गएको छ । केही किसानले दैनिक २० लिटर भन्दा बढी दुध बिक्री गरी आम्दानी गर्दै आएका छन् । सडक सञ्जालको विकास र स्थानीय सरकारको उत्साहका कारण स्थानीयले पशुपालनबाट मनग्य आम्दानी गर्न थालेका हुन् ।

# मकवानपुरका कवि निखिललाई राष्ट्रिय कलाश्री पुरस्कार



साझाकुरा संवाददाता

हेटौंडा, ६ फागुन/ नेपाली कलासाहित्य डटकम प्रतिष्ठानले नेपाली भाषासाहित्य, नाटक, ललितकला तथा संगीत साधनामा योगदान पुऱ्याएका विभिन्न क्षेत्रका ६ जना स्रष्टालाई राष्ट्रिय कलाश्री सम्मान तथा पुरस्कार २०८२ अर्पण गरेको छ ।

काठमाडौंस्थित पर्यटन बोर्डको सभाहलमा आयोजित विशेष समारोहमा प्रतिष्ठानका अध्यक्ष मोमिला जोशीको सभाध्यक्षता तथा कलाकार किरण मानन्धरको प्रमुख आतिथ्यमा सम्मान तथा पुरस्कार प्रदान गरिएको हो । समारोहमा मकवानपुरे कवि निमेष निखिललाई ७५ हजार रुपैयाँ नगदसहित 'स-सिद्धि राष्ट्रिय कलाश्री युवा पुरस्कार' बाट सम्मान गरिएको हो । नेपाली नाटक तथा गीतलेखनको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका सेवानिवृत्त प्राध्यापक मनबहादुर मुखियालाई 'अमूल्य कलाश्री सम्मान २०८२' प्रदान गरिएको थियो । त्यस्तै, निबन्ध, कविता तथा गोरखापत्र र मधुपर्कलगायत विभिन्न पत्रपत्रिकाको सम्पादनमार्फत साहित्यक्षेत्रमा योगदान पुऱ्याएका स्रष्टा श्रीओम श्रेष्ठ 'रोदन'लाई एक लाख रुपैयाँ नगदसहित 'राष्ट्रिय कलाश्री पुरस्कार २०८२' प्रदान गरिएको हो ।

यसैगरी चित्रकार एससी सुमनलाई ६० हजार रुपैयाँ नगद सहित 'थिरछाया राष्ट्रिय कलाश्री पुरस्कार', साहित्यिक पत्रकार तथा लेखक राजेश खनाललाई ५० हजार रुपैयाँ नगदसहित 'बद्री राष्ट्रिय कलाश्री पत्रकारिता पुरस्कार' तथा लोकगायिका एवम् संगीत अनुसन्धानकर्ता झुमा लिम्बूलाई ५० हजार रुपैयाँ नगदसहित 'पद्मनेत्र राष्ट्रिय कलाश्री संगीत पुरस्कार' प्रदान गरिएको थियो ।

प्रतिष्ठानका उपाध्यक्ष कवि राजेश्वर कार्कीले स्वागत मन्तव्य दिएको कार्यक्रममा समालोचक महेश पौड्यालले सम्मानित स्रष्टाको परिचय प्रस्तुत गरेका थिए ।

# सिद्धार्थ शिशुसदनको अभिभावक भेला सम्पन्न





साझाकुरा संवाददाता

हेटौंडा, ६ फागुन/ हेटौंडा उपमहानगरपालिका-५ स्थित सिद्धार्थ शिशुसदन माध्यमिक विद्यालयको ४५ औं अभिभाबक भेला बुधबार सम्पन्न भएको छ ।

विद्यालय ब्यबस्थापन समितिका अध्यक्ष बुद्दराज अर्यालको सभाध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरप्रमुख मीना कुमारी लामाको प्रमुख आतिथ्यता रहेको थियो ।

नगरप्रमुख लामाले छोराछोरीलाई असल संस्कार दिन आग्रह गरिन् । कार्यक्रममा स्कुलका विद्यार्थीले बिबिध सांस्कृतिक प्रस्तुती राखेका थिए । कार्यक्रममा करांते र स्काउटको प्रस्तुती राखिएको थियो । विद्यार्थीबाटै तयार पारिएको बिज्ञान सामग्री प्रदर्शनीमा राखिएको थियो ।

कार्यक्रममा हेटौंडा उपमहानगरपालिका-५ का वडाअध्यक्ष सुशील घिमिरे, गैर सरकारी संस्था महासंघ मकवानपुरकी अध्यक्ष रमिला सापकोटा, नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी सहित विद्यालयका अभिभावक, विद्यार्थी र शिक्षकको सहभागिता रहेको थियो ।

# नेकपा एमालेको प्रचार अभियान

साझाकुरा संवाददाता

हेटौंडा, ६ फागुन/ निर्वाचन नजिकिदैं जाँदा नेकपा एमालेले मतदाता भेटघाटलाई तीब्र बनाएको छ । नेकपा एमालेका नेता कार्यकर्ता मतदाताबीचमा पुगी पार्टीप्रति विपक्षीले फैलाएको भ्रमलाई चिर्न र पार्टीका उम्मेद्वारको पक्षमा मत सृजना गर्न लागि परेका छन् ।

हेटौंडा-४ नं. वडाका विभिन्न टोलमा मतदाताको बाक्लो उपस्थितिमा पार्टीको चुनावी एजेण्डाबारे जनतालाई प्रष्ट पार्दैछन् । यसैक्रममा हेटौंडा-४ को विभिन्न टोलमा मतदाता भेटघाटको क्रममा नेकपा एमाले केन्द्रीय लेखा आयोगका सदस्य नवीन सिग्देलले मुलुकमा राष्ट्रिय स्वाधीनता, संविधानको रक्षा, राजनीतिक स्थायित्व, विकास र समृद्धिको लागि सूर्य चिन्हमा मतदान गर्न आग्रह गरेका छन् । केन्द्र, प्रदेश र स्थानीय सरकारको नेतृत्व एमालेले गरिरहँदा सडक, खानेपानी, विद्युतीकरण, विद्यालय र स्वास्थ्य चौकीको स्तरोन्नतिले तीब्रता पाएको भन्दै कृषि र पर्यटनको विकासको लागि महत्वपूर्ण भूमिका निर्वाह गरेको उनले बताए ।



प्रदेश कमिटीका सचिवालय सदस्य रघुनाथ खुलालले गाउँ र टोलटोलसम्म विकासको लहर आउनु र स्थानीय तहमा बजेटको ठुलोहिस्सा विनियोजन गर्ने, सामाजिक सुरक्षामार्फत बृद्धबृद्धा, अपाङ्गता, एकलमहिला र दलितलाई सामाजिक सुरक्षा भत्ता महत्वपूर्ण कार्य एमालेकै नीतिको कारण भएको बताए । उनले नेकपा एमालेको सरकारले गरेको कामको मूल्यांकन गरेर मतदाताले सूर्यचिन्हमा मतदान गर्ने विश्वास व्यक्त गरे । एमालेले जनप्रिय कार्य गरी लोकप्रिय भएकाले पार्टीमाथी विभिन्न प्रहार भइरहेकाले जनताले न्यायपूर्ण मतदान गरी फागुन २१ गतेपछि एमालेको बहुमतसहितको सरकार बन्ने उनले दाबी गरेका छन् ।

कार्यक्रममा नेकपा एमाले जिल्ला उपसचिव आरती पाठक, जिल्ला सदस्य शिवहरि दाहाल, मिलन पाठकलगायत विभिन्न तहका नेताको उपस्थिति रहेको थियो ।

# राक्सिराङ, कैलाशमा एमालेको चुनावी अभियान, ३६ जना एमाले प्रवेश

साझाकुरा संवाददाता

हेटौंडा, ६ फागुन/ मकवानपुर प्रतिनिधिसभाको निर्वाचन नजिकिँदै जाँदा नेकपा (एमाले) ले राक्सिराङ गाउँपालिका-८ र कैलाश गाउँपालिका-८ मा चुनावी प्रचारप्रसार अभियानलाई तीव्र बनाएको छ ।

घरदैलो कार्यक्रम, टोलभेला, युवा, महिला अन्तरक्रिया तथा मतदाता भेटघाटमार्फत पार्टीले संगठन विस्तार र मतदातासँग प्रत्यक्ष संवादलाई प्राथमिकता दिएको छ । राक्सिराङ-८ मा अन्य दल परित्याग गर्दै ३६ जना स्थानीय कार्यकर्ता तथा समर्थक एमालेमा प्रवेश गरेका छन् । नबप्रबेसिलाई नेकपा एमाले मकवानपुर क्षेत्र नम्बर २ का उम्मेदवार महेशकुमार बर्तौलाले खादा र पार्टीको लोगो प्रदान गरेर औपचारिकरुपमा पाटिमा स्वागत गरेका हुन् ।



पार्टी प्रवेश कार्यक्रममा बर्तौलाले विकास, सुशासन र पारदर्शितालाई प्राथमिक एजेन्डा बनाएर अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे । नवप्रवेशीलाई उचित जिम्मेवारी दिन नेकपा एमाले पालिका कमिटीलाइ आग्रह गर्दै उनले कृषि उत्पादनमा वृद्धि, स्थानीय पूर्वाधार सुदृढीकरण युवालाई सीपमूलक तालिम र रोजगारीका अवसर सिर्जना तथा शिक्षा स्वास्थ्य सेवाको पहुँच विस्तार मुख्य योजना रहेका बताएका छन् । जनताको विश्वासलाई परिणाममुखी काममार्फत प्रमाणित गर्ने उनको भनाइ छ । कार्यक्रममा स्थानीय अगुवा, युवा प्रतिनिधि तथा महिला समूहका सदस्यको उल्लेख्य उपस्थिति रहेको थियो ।

नवप्रवेशीले यस क्षेत्रको दीर्घकालीन विकास र स्थायित्वका लागि एमालेको नीति तथा नेतृत्व उपयुक्त ठानेर पार्टी रोजेको बताएका छन् । एमालेले आगामी दिनमा निर्वाचन क्षेत्रको सबै ठाउमा संयुक्तसभा पाटीको नीति एजेन्डा सार्वजनिक कार्यक्रम र घरदैलो अभियानलाई अझ सशक्त बनाउने जनाएको छ । निर्वाचन मिति नजिक्दिै जाँदा चुनावी प्रचारप्रसारलाई अझ ससक्त बनाएर लैजाने जनाएको छ ।

# प्रलोपाको बुद्धचोकबाट घरदैलो अभियान

साझाकुरा संवाददाता

हेटौंडा, ६ फागुन/ प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा) मकवानपुरले निर्वाचन नारा सार्वजनिक गर्दै कोणसभा तथा पार्टीको झण्डासहित मतदाताको घरदैलो कार्यक्रम औपचारिकरुपमा बुद्धचोकबाट सुरु गरेको छ ।

बुद्धचोकमा ऱ्यालीको आयोजना गर्दै मकवानपुर क्षेत्र नम्बर १ का उम्मेदवार तेजप्रसाद उप्रेती (रमेश) ले अन्य दलहरुले मनोनयन दर्ताकै दिनदेखि निर्वाचन आचार संहिता विपरीत खर्चिलो र भड्किलो प्रचारप्रसार गरेको आरोप लगाए । उनले प्रलोपाले भने निर्वाचन आचार संहितालाई प्रमुख प्राथमिकतामा राखेर प्रचार अभियान अघि बढाउने बताए ।

उप्रेतीका अनुसार चुनावी प्रचार अत्यन्त सरल, ध्वनि तथा भीडभाडरहित, डिजिटल प्रविधिको प्रयोगमार्फत जनमैत्री र वातावरणमैत्री ढंगबाट सञ्चालन गरिनेछ ।

मकवानपुर क्षेत्र नम्बर २ का उम्मेदवार सन्तोष बिष्टले आसन्न निर्वाचनलाई भदौ २३ र २४ गते जेनजी माथि भएको दमन तथा देशव्यापी अन्याय, अत्याचार र विकृतिको अन्त्य गर्ने अवसरका रुपमा लिनुपर्ने बताए । उनले सचेत र विवेकपूर्ण मतदानमार्फत सुधारको बाटो खोल्न मतदातालाई आग्रह गरे । प्रलोपा मकवानपुरका दुबै उम्मेदवार सफल व्यवसायी तथा समाजसेवी पृष्ठभूमिका रहेको जनाइएको छ ।



उनीहरुले वर्षौंदेखि समाधान हुन नसकेको भूमिहीन सुकुम्बासीको समस्या, अस्तव्यस्त सडक सञ्जाल, व्यवहारिक तथा प्राविधिक शिक्षाको अभाव, विकास निर्माणमा अपारदर्शिता, महिला, दलित, आदिवासी, मधेशी तथा विपन्न वर्गमाथि सेवा र अवसरमा असमानता तथा देशव्यापीरुपमा संस्थागत भएको भ्रष्टाचार अन्त्यजस्ता मुद्दालाई प्राथमिकताका साथ उठाएका छन् । प्रलोपा मकवानपुरले आचारसंहिताको पूर्णपालना गर्दै स्वच्छ, सरल र मुद्दाकेन्द्रित चुनावी अभियान सञ्चालन गर्ने प्रतिबद्धता जनाएको छ ।

# त्रिभुवन विमानस्थलबाट एक महिनामा साढे ७ लाख यात्रु आवागमन



काठमाडौं/त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट एक महिना (जनवरी) मा साढे ७ लाख यात्रुले सेवा लिएका छन् ।

विमानस्थल कार्यालयका अनुसार यो संख्या आन्तरिक र वाह्य दुवै उडान सेवा लिनेको हो । जनवरी २०२६ मा ७ लाख ५० हजार १ सय ८३ यात्रु आवागमन भएको तथ्यांक छ । यसमध्ये अन्तर्राष्ट्रिय हवाई यात्रु संख्या ४ लाख ३१ हजार ६ सय ३५ छ ।

आन्तरिक यात्रु संख्या ३ लाख १८ हजार ५ सय ४८ छ । काठमाडौं विमानस्थलबाट आन्तरिक हवाई यात्रु प्रस्थान १ लाख ६२ हजार २ सय ३१ र आगमन १ लाख ५६ हजार ३ सय १७ छ ।

अन्तर्राष्ट्रियतपर्फ काठमाडौंबाट २ लाख १० हजार ८ सय ८७ यात्रु विदेश उडेका छन् । विदेशबाट नेपालमा २ लाख १९ हजार ३ सय ६१ आएको विमानस्थल कार्यालयको तथ्यांक छ ।

तथ्यांक अनुसार आन्तरिक उडानतर्फ हेलिकप्टर सहित २० कम्पनीले यात्रुलाई सेवा दिएका छन् । आन्तरिकतर्फ कुल ६ हजार ८ सय ९ उडान-अवतरण भएको कार्यालयको तथ्यांक छ । जसमा ३ हजार ४ सय ३ प्रस्थान र ३ हजार ४ सय ६ अवतरण भएका छन् ।

अन्तर्राष्ट्रियतर्फ २ हजार ९ सय ४९ उडान-अवतरण भएका छन् । यसमा १ हजार ४ सय ७५ प्रस्थान र १ हजार ४ सय ७४ अवतरण भएको विमानस्थलको तथ्यांक छ ।

**नयाँ रेष्टुरेन्ट खोल्दै हुनुहुन्छ ?**

यो सुनौलो अवसर नछुटाउनुहोस्

चालु अवस्थामा रहेको रेष्टुरेन्टका सम्पूर्ण सामानहरु अत्यन्तै सस्तो मूल्यमा बिक्रीमा उपलब्ध छन् । भान्सा सामग्री, फर्निचर तथा रेस्टुरेन्ट सञ्चालनका लागि आवश्यक सबै सामानहरु एकै ठाउँमा ।

**नयाँ रेस्टुरेन्ट सुरु गर्ने वा अपग्रेड गर्नेहरुका लागि उत्तम मौका।**

**सम्पर्क: ९८५१०२४८६८**

## सामाजिक सुरक्षा भत्ता लाभग्राहीको Biomatric Verification गर्ने सम्बन्धी सूचना !

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागकोच. नं. ९२ को मिति २०८२।०९।१४ गतेको प्राप्त पत्रानुसार समाजिक सुरक्षा भत्ता प्राप्त गर्नेहरूको आ.ब. ०८२ २०८३ मा Biomatric Verification नभई सामान्य दर्ता प्रकारबाट नविकरण भएकोमा राष्ट्रिय परिचयपत्र नम्बर मार्फत Verify गर्न बाँकी लाभग्राहीहरूको Biomatric Verification वडा कार्यालयमा सम्पर्क राखी यहि २०८२ फाल्गुण १ गते देखि १५ गते भित्र गर्नु हुन अनुरोध छ ।

**आवश्यक कागजात**

१) सामाजिक सुरक्षा भत्ता परिचयपत्र
२) राष्ट्रिय परिचयपत्र नम्बर (NIN)
३) नेपाली नागरिकता प्रमाण पत्र

**पुनश्च :** बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने, अशक्त असहाय वा ९० बर्ष माथिका जेष्ठ नागरिकको हकमा Biomatric Verify अनिवार्य नभएको ।

**हेटौंडा उपमहानगरपालिका**
**१ नं. वडा कार्यालय**
**चाईनाक्चाटर, हेटौंडा, मकवानपुर**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना